जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक २२ • २०८३ साल जेठ २८ गते विहीबार (11 June, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

# सूर्तिजन्य पदार्थमा पूर्ण रोक लगाउन माग

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता तथा पूर्व सहमहामन्त्री महेन्द्र यादवले पान मसाला, गुटखा, रजनीगन्धा लगायतका सूर्तिजन्य पदार्थको अवैध आयात, बिक्री-वितरण र प्रयोगमा पूर्ण रोक लगाउन प्रदेश सरकारसँग माग गरेको छ ।

जनकपुर टुडेसँग कुरा गर्दै नेता यादवले मधेश प्रदेशमा सूर्तिजन्य पदार्थको बढ्दो प्रयोगले जनस्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेको उल्लेख गर्दै आगामी नीति तथा कार्यक्रम तथा बजेटमार्फत यसको नियन्त्रणका लागि विशेष व्यवस्था गर्न माग गरे । उनले सीमावर्ती क्षेत्रबाट हुने अवैध तस्करी नियन्त्रण र देशभित्रै रहेका गुटखा कम्पनी बन्द गर्नतर्फ सरकार अग्रसर हुनुपर्ने बताए ।



यादवका अनुसार गुटखा, खैनी, पान मसाला र चुरोटजस्ता पदार्थका कारण मधेश प्रदेशमा मुखको क्यान्सर, घाँटीको क्यान्सर, फोक्सोसम्बन्धी रोग, मुटुरोग तथा श्वासप्रश्वास सम्बन्धी दीर्घरोगका बिरामीको संख्या बढ्दै गएको छ । "जनताको स्वास्थ्यप्रति उत्तरदायी बन्न प्रदेश सरकारले सूर्तिजन्य पदार्थको तस्करी तथा बिक्री-वितरणमा कडाइका साथ रोक लगाउनुपर्छ," उनले भने ।


नेपाल सरकारले सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ लागू गरिसकेको छ। उक्त ऐन प्रभावकारी कार्यान्वयनको अभावका कारण बजारमा गुटखा, पान मसाला र अन्य सूर्तिजन्य पदार्थ सहज रूपमा उपलब्ध भइरहेको बताए । उनले प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय र सम्बन्धित सरोकारवाला निकायबीच समन्वय गरेर सीमाबाट हुने अवैध आयात नियन्त्रण गर्नुपर्नेमा जोड दिए । स्वास्थ्य क्षेत्रका विभिन्न अध्ययन अनुसार नेपालमा हरेक वर्ष करिब ३९ हजारभन्दा बढी व्यक्तिको मृत्यु सूर्तिजन्य पदार्थको सेवनका कारण हुने गरेको तथ्यांक सार्वजनिक भएको छ। सूर्तिजन्य पदार्थका कारण क्यान्सर, मुटुरोग तथा दीर्घ श्वासप्रश्वास रोगको जोखिम उल्लेखनीय रूपमा बढ्ने गरेको छ।

उनले जनस्वास्थ्यलाई प्राथमिकतामा राख्दै सूर्तिजन्य पदार्थविरुद्ध सचेतनामूलक अभियान सञ्चालन गर्नुका साथै विद्यमान कानूनको कडाइका साथ कार्यान्वयन गर्न प्रदेश सरकारसँग आग्रह समेत गरेका छन् ।

# फरक र कार्यान्वयनमुखी बजेट ल्याइने : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट विगतका वर्षहरूको तुलनामा फरक किसिमको हुने प्रतिबद्धता जनाएका छन् ।



प्रस्तावित नीति तथा कार्यक्रममाथि दर्ता भएका संशोधन प्रस्तावहरूमाथि छलफलका लागि बसेको प्रदेश सभाको बैठकमा विभिन्न प्रदेश सभा सदस्यहरूले उठाएका संशोधन प्रस्तावको जवाफ दिँदै मुख्यमन्त्री यादवले भने, "अन्य वर्षको तुलनामा आगामी बजेट क्षेत्र, जिल्ला, पालिका र वडा समेट्ने गरी फरक किसिमको ल्याउनेछु ।"

उनले विगतमा पुस मसान्तपछि मात्र बजेट कार्यान्वयनमा आउने प्रवृत्ति अन्त्य गरिने बताउँदै भने, "प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट पारित भएकै दिनदेखि टेण्डर प्रक्रिया अघि बढाउनेछ। साथै साउन १ गतेदेखि नै बजेट कार्यान्वयनमा ल्याउने तयारी गरेका छौं ।"

पूर्व मुख्यमन्त्री लालबाबु राउतले प्रदेश प्रहरीलाई प्रदेश सरकारको मातहतमा ल्याउनुपर्ने विषय उठाएको सम्बन्धमा जवाफ दिँदै मुख्यमन्त्री यादवले प्रदेश प्रहरी व्यवस्थापनका लागि आगामी बजेटमा छुट्टै शीर्षकमा आवश्यक रकम विनियोजन गरिने बताए । उनले भने, "बजेट विनियोजन भइसकेपछि केन्द्र सरकार छलफल गर्न बाध्य हुन्छ। यसका साथै सातवटै प्रदेश सरकारसँग समन्वय र छलफल गरी आवश्यक प्रक्रिया अघि बढाउनेछौं ।"

प्रदेश सभा सदस्यहरूले प्रत्येक निर्वाचन क्षेत्रमा समान हिसाबले बजेट वितरण गर्नुपर्ने माग राखेका विषयमा उनले कुनै पनि निर्वाचन क्षेत्रमा विभेद नगरिने प्रतिबद्धता जनाउँदै समान रूपमा बजेट विनियोजन गरिने बताए। साथै आगामी बजेटमा सबैभन्दा बढी कृषि र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

मुख्यमन्त्री यादवले भने, "किसानको बाली उत्पादनदेखि खरिद गर्नेसम्मका योजना प्रदेश सरकारले राखेकाले बजेटमै यसको छुट्टै रकम विनियोजन गरिनेछ। धानबालीलाई विशेष ग्राह्यता दिइएको छ । अहिलेसम्म दुई बाली गर्दै आएको क्षेत्रमा तीन बालीसम्म गर्न सकिने व्यवस्था गरिनेछ। साथै किसानहरूले उत्पादन गरेको धान प्रदेश सरकारले उचित समर्थन मूल्यमा किन्नेछ ।"

उनले थप्दै भने, "त्यसका लागि मोरङ जिल्लाको आरजु राइस मिलसँग कुरा भइसकेको छ । बजेट कार्यान्वयनमा आएलगत्तै यहाँका खेतबारीको निरीक्षण गरी तीन बालीसम्म धान उत्पादन गर्ने र उत्पादित धान मिलले नै खरिद गर्ने गरी सहमति भएको छ । यो योजना सफल भएमा यहाँका किसानले मात्र फाइदा पाउने होइन, रोजगारीको अवस्था समेत सिर्जना हुनेछ ।"

स्वास्थ्यतर्फ राखिएका संशोधन प्रस्तावको जवाफ दिँदै मुख्यमन्त्री यादवले जनकपुर प्रादेशिक अस्पतालसहित प्रदेश सरकार मातहत रहेका ११ वटै प्रादेशिक अस्पताललाई सुविधा सम्पन्न बनाउन आवश्यक बजेटको व्यवस्था आगामी बजेटमा गरिएको बताए ।

मुख्यमन्त्री यादवले आगामी वर्ष करको दर नभई करको दायरा बढाइने जानकारी दिए। उनले भने, "करको दर बढाउँदा जनतालाई प्रत्यक्ष असर पर्छ । त्यसैले प्रदेशको आन्तरिक स्रोत वृद्धि गर्न आगामी आर्थिक ऐनमार्फत करको दायरा विस्तार गर्ने तयारी गरिएको छ ।"


संशोधन प्रस्तावमा कृषिका लागि सिँचाइ, मलखाद, बीउबिजन तथा उत्पादन सामग्रीको समर्थन मूल्य निर्धारण, मन्त्रालय तथा सरकारी निकायमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने, दलित समुदायको सरकारी निकायमा सहभागिता बढाउनुपर्ने, अधुरा योजनाहरू सम्पन्न गर्न बजेटको व्यवस्था गर्नुपर्ने तथा आवास योजनाअन्तर्गत सरकारपिच्छे नयाँ योजना ल्याउनुभन्दा पनि बाँकी रहेका घरहरू निर्माण सम्पन्न गर्नुपर्ने विषय नीति तथा कार्यक्रममा समेट्न माग गरिएको थियो ।

बैठकमा प्रदेश सभा सदस्यहरू संजयकुमार यादव, सुरिता साह, बच्चा राउत अहिर, जयनूल राइन, ललिता दास, अनिता साह, राजकुमार लेखी, चन्दन सिंह, रमिता प्रधान, रुपाकुमारी यादव र किरण साहले आ-आफ्ना संशोधन प्रस्ताव प्रस्तुत गरेका थिए ।

# नयाँ निजामति ऐनले १० हजार बढीको जागिर चट्ट

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले ल्याउन लागेको नयाँ निजामती सेवा ऐनले १० हजार भन्दा कर्मचारीको जागिर चट्ट हुने भएको छ । संसद् वा अध्यादेशमार्फत् यो नयाँ व्यवस्था लागू भएमा तत्कालै १० हजारभन्दा बढी कर्मचारीहरूको गुम्ने छ जसमा ५ हजार ४ सय ८२ जना निजामती कर्मचारीको जागिर तत्तुरुन्तै जाने देखिन्छ ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय उच्च स्रोतका अनुसार, प्रस्तावित नयाँ निजामती विधेयकमा कर्मचारीको अनिवार्य अवकाशको उमेर हद ५५ वर्ष वा ३० वर्षे सेवा अवधि लागू गर्ने प्रस्ताव गरिएको छ ।

कुनै कर्मचारीको उमेर ५५ वर्ष पुग्यो वा उसले सेवा गरेको ३० वर्ष पूरा भयो भने, दुईमध्ये जुन पहिले आउँछ, सोही आधारमा उसले अनिवार्य अवकाश पाउनेछ । यति मात्र होइन, पेन्सनको हकमा पनि नयाँ सीमा प्रस्ताव गरिएको छ, जसअनुसार अब ३० वर्षभन्दा बढी जागिर गरिसकेकाले पनि अधिकतम ३० वर्षको मात्र पेन्सन सुविधा पाउनेछ भने बांकी वर्षको कुनै हिसाब हुने छैन ।

> कुनै कर्मचारीको उमेर ५५ वर्ष पुग्यो वा उसले सेवा गरेको ३० वर्ष पूरा भयो भने, दुईमध्ये जुन पहिले आउँछ, सोही आधारमा उसले अनिवार्य अवकाश पाउनेछ । यति मात्र होइन, पेन्सनको हकमा पनि नयाँ सीमा प्रस्ताव गरिएको छ, जसअनुसार अब ३० वर्षभन्दा बढी जागिर गरिसकेकाले पनि अधिकतम ३० वर्षको मात्र पेन्सन सुविधा पाउनेछ भने बांकी वर्षको कुनै हिसाब हुने छैन ।

कानून मन्त्रालयमा निजामती सेवा ऐनको नयाँ मस्यौदाका सम्बन्धमा छलफल भइरहेको उच्च तहका एक कर्मचारीले पुष्टि गरेका छन् । संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तावित विधेयक भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कानून मन्त्रालयमा पठाएको हो ।

कानून मन्त्रालयका एक उच्च कर्मचारीका अनुसार उक्त विधेयकमाथि छलफल जारी रहेको छ । कानून मन्त्री सोविता गौतमसँग परामर्श गरेर यो विधेयक छिट्टै भूमि मन्त्रालयमा फिर्ता पठाउने गृहकार्य भइरहेको ती कर्मचारीको भनाई छ ।

संसद्मा लैजाँदा प्रक्रिया लामो हुने भएकाले आगामी साउन अगावै अध्यादेश मार्फत् सो कानून कार्यान्वयनमा ल्याउने तयारी पनि सरकारको रहेको छ । यद्यपि यसको आधिकारिक पुष्टि हुन सकेको छैन ।

अध्यादेशबाटै यदि नयाँ कानून आयो भने साउनपछि ५ हजार ४८२ जना निजामती कर्मचारीहरू घर जानेछन् । राष्ट्रिय किताबखाना (निजामती) बाट प्राप्त विवरणअनुसार ५५ वर्ष उमेर नाघेका कुल ४ हजार १३५ जना छन् । ३० वर्षभन्दा बढी सेवा अवधि पूरा गरिसकेका कुल ३ हजार ३०४ जना र यी दुवै मापदण्ड पुगेका कुल १ हजार ९५७ जना कर्मचारी छन् ।

परम्परागत राजपत्रांकित र राजपत्रअनंकित श्रेणीतर्फ कुल ३ हजार ६३७ जना ५५ वर्ष उमेर नाघेका छन् भने २ हजार ८०१ जना ३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरू छन् भने दुवै मापदण्ड पूरा हुने कर्मचारीहरूको संख्या १ हजार ६८१ रहेको छ ।

संवैधानिक श्रेणी अन्तर्गत ५५ वर्ष उमेर कटेका ३४ जना, ३० वर्ष सेवा अवधि पूरा गरेका १४ जना तथा दुवै मापदण्ड पूरा गरेका १५ जना रहेका छन् । न्यायाधीशतर्फ ५५ वर्ष उमेर कटेका १७५ जना, ३० वर्ष सेवा अवधि पूरा गरेका १०९ जना र दुवै मापदण्ड पूरा गरेका १०० जना छन् । यस्तो अवस्थामा मुख्यसचिव सुमनराज अर्याल पनि बिदा हुनेछन् ।

विशिष्ट श्रेणी (सचिव) अन्तर्गत ५५ वर्ष उमेर नाघेका ३२ जना, ३० वर्ष सेवा पूरा गरेका २० जना र दुवै मापदण्ड पूरा भएका १६ जना सचिव प्रभावित हुनेछन् । राप प्रथम श्रेणी (सहसचिव) अन्तर्गत ५५ वर्ष उमेर कटेका १८० जना, ३० वर्ष सेवा पूरा गरेका ८८ जना र दुवै मापदण्ड पुगेका ७५ जना सहसचिवहरू रहेका छन् ।

राप द्वितीय श्रेणी (उपसचिव) अन्तर्गत ५५ वर्ष उमेर कटेका ५०१ जना, ३० वर्ष सेवा पूरा गरेका २५९ जना र दुवै मापदण्ड पुगेका १८० जना उपसचिवहरू अवकाशमा जानेछन् । राप तृतीय श्रेणी (शाखा अधिकृत) अन्तर्गत ५५ वर्ष उमेर कटेका ५६० जना, ३० वर्ष सेवा पूरा गरेका ३६३ जना र दुवै मापदण्ड पुगेका २३४ जना प्रभावित हुनेछन् ।

सबैभन्दा बढी संख्यामा राजपत्र अनंकित कर्मचारीहरू नासु, खरिदार आदि प्रभावित हुनेछन् । त्यसमध्ये ५५ वर्ष उमेर कटेका २ हजार १५४ जना, ३० वर्ष सेवा अवधि पूरा गरेका १ हजार ९४७ जना र दुवै मापदण्ड पूरा गरेका १ हजार ६० जना कर्मचारीहरू सेवाबाट बाहिरिनेछन् ।

यसअघि २०८३ वैशाख ११ गते साविकको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अघि सारेको विधेयकको मस्यौदामा अनिवार्य अवकाशको उमेर हद ६० वर्ष प्रस्ताव गरिएको थियो । त्यसमा ५५ वर्ष वा ३० वर्षे सेवा अवधिको कुनै प्रावधान थिएन । ऐन प्रारम्भ भएको पहिलो वर्ष ५८ वर्ष र दोस्रो वर्ष ५९ वर्षमा अवकाश हुने संक्रमणकालीन व्यवस्था भने गरिएको थियो ।



# सामाग्री आभावमा प्रयोगशाला बन्द




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पर्सागढी नगरपालिका-२ बगवन्नास्थित जनस्वास्थ्य प्रयोगशालामा आवश्यक ल्याब सामग्री अभावले करिब दुई महिनादेखि ल्याब परीक्षण सेवा पूर्ण रूपमा बन्द भएको छ।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधाम र पर्सागढी नगरपालिकाको सहकार्यमा सञ्चालित प्रयोगशालाको सेवा ठप्प हुँदा स्थानीय सेवाग्राहीहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।

स्थानीय बासिन्दा तथा पर्सागढी नगरपालिका-३ निवासी आशिष अधिकारीले यसअघि न्यूनतम शुल्कमा सहज रूपमा उपलब्ध हुने ल्याब परीक्षण सेवा बन्द भएपछि अहिले सामान्य परीक्षणका लागि पनि वीरगञ्ज पुग्नुपर्ने बाध्यता सिर्जना भएको बताए। उनका अनुसार यसले स्थानीय नागरिकको समय र आर्थिक दुवै भार बढाएको छ।

उनले सेवा शुल्क नियमित रूपमा सङ्कलन भइरहे पनि आवश्यक ल्याब सामग्रीको अभावमा सेवा बन्द हुनु दुःखद भएको उल्लेख गर्दै अत्यधिक गर्मीको समयमा स्थानीयवासीले थप सास्ती खेप्नुपरेको बताए।

पर्सागढी जनस्वास्थ्य प्रयोगशालाका ल्याब टेक्निसियन अताउल्लाह अन्सारीका अनुसार प्रयोगशाला २०७९ सालमा स्थापना भएको हो । सुरुमा प्रयोगशालाबाट सङ्कलित न्यूनतम सेवा शुल्क पर्सागढी नगरपालिकाको खातामा जम्मा हुने र आवश्यक ल्याब सामग्री नगरपालिकाले खरिद गरी उपलब्ध गराउने व्यवस्था थियो।

तर चालु आर्थिक वर्षको चैत मसान्तदेखि प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामको पत्राचारअनुसार प्रयोगशालाबाट उठेको सेवा शुल्क प्रदेश जनस्वास्थ्य प्रयोगशालाको खातामा जम्मा गर्न थालिएको उनले जानकारी दिए । त्यसयता आवश्यक ल्याब सामग्री प्रदेशबाट उपलब्ध नगराइएकाले प्रयोगशालाको सम्पूर्ण परीक्षण सेवा बन्द भएको अन्सारीले जनाएको छ।

सो प्रयोगशालाबाट मधुमेह, अल्सर, ग्यास्ट्रिक, जन्डिस, क्षयरोग (टिबी), टाइफाइड, मलेरिया, डेङ्गी, कलेजो, मुटु, कोलेस्ट्रोल, बाथरोग तथा गर्भसम्बन्धी विभिन्न परीक्षण सेवा उपलब्ध हुँदै आएको थियो । सेवा बन्द भएपछि स्थानीय नागरिक निजी प्रयोगशाला वा टाढाका स्वास्थ्य संस्थामा पुगेर परीक्षण गराउन बाध्य भएका छन् ।

प्रदेश सरकारले आवश्यक बजेट उपलब्ध नगराउंदा एक वर्षभन्दा बढी समयदेखि स्थानीय तहमा संचालित प्रयोगशालाहरु बन्द अवस्थामा छन् ।

# निजी विद्यालयविरुद्ध कडाई, ८ विद्यालय कारवाहीमा

**टुडे समाचारदाता**

बारा । मापदण्डविपरीत सञ्चालनमा रहेका निजी विद्यालयहरूमाथि बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले शिक्षा क्षेत्रमा नियमन कडा बनाउँदै कारबाही प्रक्रिया अघि बढाएको छ।

अनुमति प्राप्त तहभन्दा माथिका कक्षा सञ्चालन गरिरहेका तथा विभिन्न नियम उल्लंघन गरेका विद्यालयहरूलाई उपमहानगरले बन्द गर्ने र अनुमति खारेजसम्मको कारवाही प्रक्रिया अघि बढाएको हो । उपमहानगरपालिकाले सार्वजनिक गरेको सूचना अनुसार स्वीकृत तहभन्दा माथि कक्षा सञ्चालन गर्दै आएका ८ वटा संस्थागत विद्यालयलाई अनुमति खारेजको प्रक्रिया अघि बढाएको छ।

कारबाहीको सूचीमा वडा नं. १७ को एड्भान्स इङ्ग्लिस बोर्डिङ स्कुल, वडा नं. १८ का मिसन एकेडेमी उचिडी र डुमरवाना पब्लिक इङ्ग्लिस बोर्डिङ स्कुल, वडा नं. ७ को अम्ब्रेला एकेडेमी, वडा नं. १ को न्यू होराइजन तथा अमलेखगञ्जस्थित नाइट एञ्जल, लिटल एञ्जल र वडा नं. २२ चकरीको आदर्श किड्स ल्यान्ड स्कुल रहेको जनाइएको छ।

उपमहानगरका अनुसार ती विद्यालयहरूले पालिकाबाट प्राप्त अनुमतिभन्दा माथिल्लो कक्षामा पठनपाठन गराउनुका साथै विद्यार्थीलाई अन्य विद्यालयको नामबाट परीक्षा दिलाउने अभ्याससमेत गरेको पाइएको छ । शिक्षा महाशाखाले तत्काल स्वीकृत कक्षाभन्दा बाहिर विद्यार्थी भर्ना नगर्न र पठनपाठन रोक्न निर्देशन दिएको छ।




यसअघि जेठ १९ गते बसेको नगर शिक्षा समितिको बैठकले चार वटा निजी विद्यालय बन्द गर्ने निर्णय गरेको थियो । निर्णयअनुसार वडा नं. १ को माउन्ट एभरेष्ट स्कुल, वडा नं. ३ को रोज एकेडेमी, वडा नं. ७ को अम्ब्रेला अंग्रेजी बोर्डिङ स्कुल र वडा नं. १९ को बाबुलाल एकेडेमी बन्द गरिएका छन् । उपमहानगरपालिकाले अभिभावकलाई ती विद्यालयमा नयाँ भर्ना नगर्न समेत आग्रह गरेको छ।

उक्त विद्यालयहरूले पाएको अनुमति र सञ्चालन गरेका कक्षाबीच ठूलो अन्तर रहेको पाइएको छ । माउन्ट एभरेष्टले कक्षा १२, रोज र अम्ब्रेलाले कक्षा ५ तथा बाबुलाल एकेडेमीले कक्षा ३ सम्म मात्र अनुमति पाए पनि सोभन्दा माथिका कक्षा सञ्चालन गर्दै आएका थिए। शैक्षिक सत्र सुरु भइसकेको अवस्थामा विद्यालय बन्द गराउने निर्णयले स्थानीय स्तरमा चासो र बहस सिर्जना गरेको छ।

न्यू होराइजन इङ्ग्लिस स्कुलका संस्थापक सञ्चालक अभिषेक राजनले विद्यालय सञ्चालनको अनुमति प्रक्रिया अन्तिम चरणमा रहेकाले कारबाही प्रक्रिया केही समयका लागि स्थगित गर्न आग्रह गरेका छन् । उनले विद्यालयले कानुनी प्रक्रिया पूरा गर्ने प्रतिबद्धता जनाउँदै समय थपको माग गरेका हुन् ।

उपमहानगरपालिकाका शिक्षा महाशाखा अधिकृत हरिश भट्टले भने कारबाही विद्यार्थीको हितविपरीत नभएको स्पष्ट पारेका छन् । उनका अनुसार बन्द गरिएका अधिकांश विद्यालयका विद्यार्थीलाई अन्य विद्यालयमा स्थानान्तरण गरिसकिएको छ भने बाँकी विद्यार्थीका लागि पनि व्यवस्थापन गरिनेछ।

हाल जीतपुरसिमरा उपमहानगरपालिकाभित्र ४६ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेका छन् । पछिल्ला वर्षहरूमा उपमहानगरले निजी विद्यालयहरूको शुल्क निर्धारण, छात्रवृत्ति छनोट परीक्षा तथा अनुगमन प्रणालीलाई व्यवस्थित बनाउँदै नियमनमा कडाइ गर्दै आएको छ।

# एमालेका ८ वडाध्यक्ष पदमुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगले नेकपा (एमाले)बाट निर्वाचित भई दल परित्याग गरेर अन्य राजनीतिक दलमा प्रवेश गरेका ८ जना वडाध्यक्ष पदमुक्त गरेका छन् ।

बुधबार आयोगले सूचना प्रकाशित गर्दै राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ को उपनियम (२) बमोजिम उनीहरूको पद रिक्त भएको जानकारी दिएको हो। उक्त व्यवस्थाअनुसार निर्वाचित जनप्रतिनिधिले आफू निर्वाचित भएको राजनीतिक दल त्यागेमा उसको पद स्वतः रिक्त हुने प्रावधान रहेको छ।

पदमुक्त हुनेमा ओखलढुंगाको मोलुङ गाउँपालिका-१ का वडाध्यक्ष कमलबहादुर बानिया, मोलुङ गाउँपालिका-६ का कमल तामाङ, चम्पादेवी गाउँपालिका-७ का सुरेशकुमार थापा तथा पाल्पाको माथागढी गाउँपालिका-१ का राजकुमार पन्थी रहेका छन् ।

त्यसैगरी ललितपुरको बागमती गाउँपालिका-७ का हेमप्रसाद बजगाईं मोरङको लेटाङ नगरपालिका-४ का रामकुमार श्रेष्ठ, रैंली नगरपालिका-१ का महेशकुमार खनाल तथा दाङको घोराही उपमहानगरपालिका-४ का मधुसूदन शर्मा पनि पदमुक्त भएका छन्।

निर्वाचन आयोगका अनुसार नेकपा (एमाले) केन्द्रीय सचिवालयको निर्णय तथा सिफारिसका आधारमा आयोगले मंगलबार नै सम्बन्धित जनप्रतिनिधिहरूको पद रिक्त गर्ने निर्णय गरिसकेको थियो। सोही निर्णयअनुसार बुधबार औपचारिक सूचना प्रकाशित गरी उनीहरू पदमुक्त भएको जानकारी सार्वजनिक गरिएको हो ।

राजनीतिक दलसम्बन्धी कानुनी व्यवस्थाअनुसार दल परिवर्तन गर्ने निर्वाचित जनप्रतिनिधिको पद स्वतः रिक्त हुने प्रावधान कार्यान्वयनमा ल्याइएकाले सम्बन्धित स्थानीय तहमा अब कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाइने अपेक्षा गरिएको छ।

# स्थानीय तह र ठेकेदरको विवादले दुधौरा पुल अलपत्र

**टुडे समाचारदाता**

बारा । स्थानीय तह र ठेकेदार कम्पनीबीचको विवादका कारण निजगढ-पथलैया सडकखण्डमा निर्माणाधीन दुधौरा पुल निर्माणको अन्तिम चरणमा पुगे पनि सञ्चालनमा आउन सकेको छैन । पुल सञ्चालनमा ढिलाइ हुँदा दैनिक सयौं सवारीसाधन र हजारौं यात्रुले सास्ती खेप्नु परिरहेको छ।

पुल निर्माण्कतौ ठेकेदार महादेव-खिम्ती-हीराचन जेभी काठमाडौंले दुधौरा खोलाबाट अनुमतिविना नदीजन्य पदार्थ उत्खनन गरी निर्माणमा प्रयोग गरेको आरोप लगाउँदै जीतपुर सिमरा उपमहानगरपालिकाले एक एक्साभेटर, एक टिपर र एक ट्याक्टर नियन्त्रणमा लिएपछि विवाद उत्पन्न भएको हो।

उपमहानगरपालिकाका अनुसार २०८२ चैत २६ गते गरिएको स्थलगत अनुगमनका क्रममा ठेकेदार कम्पनीले दुधौरा खोलाबाट अनुमति नलिई नदीजन्य पदार्थ उत्खनन तथा ढुवानी गरेको भेटिएको थियो। सो क्रममा नम्बर नखुलेको एक्साभेटर, बागमती प्रदेश ०३-००१ क ११५३ नम्बरको टिपर र ना.२त ९९४४ नम्बरको ट्याक्टर नियन्त्रणमा लिइएको थियो।



उपमहानगरपालिकाको दाबी अनुसार पुलको दुवै छेउतर्फ करिब २०० मिटर सडकमा भरिएको ग्राभेल दुधौरा खोलाबाट उत्खनन गरिएको हो । तर ठेकेदार कम्पनीले भने कुनै अवैध उत्खनन नगरेको दाबी गर्दै निर्माण कार्य लगभग सम्पन्न भइसकेको अवस्थामा अनावश्यक अवरोध सिर्जना गरिएको आरोप लगाएका छन्।

चारवटा प्लटबाट कुल ४ हजार ४६२.२१५ घनमिटर ग्राभेल उत्खनन गरिएको दाबी गर्दै उपमहानगरपालिकाले मूल्य अभिवृद्धि करसहित १६ लाख २ हजार ६०७ रुपैयाँ राजस्व तथा जरिवाना असुल गर्न सम्बन्धित निकायलाई पत्राचार गरेको थियो।

सडक विभागअन्तर्गतको संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय तथा पुल सेक्टर कार्यालय काठमाडौंलाई आवश्यक सहजीकरणका लागि पत्र पठाइएको थियो। त्यसपछि पुल सेक्टर कार्यालयले पनि कानुनअनुसार राजस्व दाखिला गर्न ठेकेदार कम्पनीलाई पत्राचार गर्दा कुनै चासो लिइएको छैन।

पुल सेक्टर कार्यालय र ठेकेदार कम्पनीका प्राविधिकहरूले सुरुमा गत पुस मसान्तभित्र पुल सञ्चालनमा ल्याउने लक्ष्य राखेका थिए । पछि फागुन मसान्तसम्म काम सम्पन्न गर्ने समयसीमा तय गरिए पनि निर्माण कार्य अझै पूर्ण रूपमा सम्पन्न हुन सकेको छैन। कम्पनीका अनुसार सम्झौता अनुसार मुख्य निर्माण कार्य पूरा भइसकेको छ भने अन्तिम निरीक्षण र हस्तान्तरण प्रक्रिया मात्रै बाँकी रहेको छ।

निर्माण क्षेत्रका जानकारहरूका अनुसार अन्तिम प्राविधिक परीक्षण, निरीक्षण र औपचारिक हस्तान्तरण प्रक्रिया पूरा नभएसम्म कानुनी रूपमा पुल सञ्चालन गर्न नमिल्ने व्यवस्था छ । सरकारी निकायहरूले विवाद समाधानका लागि पटक-पटक पहल गरे पनि उपमहानगरपालिका भने राजस्व रकम दाखिला नभएसम्म आफ्नो अडानबाट पछि हट्न तयार देखिएको छैन।

गत जेठ ९ गते आएको बाढीले अस्थायी ड्राइभर्सन बगाएपछि तथा जीर्ण अवस्थामा रहेको बेलिब्रिजसमेत बन्द भएपछि चालकहरू बाध्य भएर निर्माणाधीन पुल प्रयोग गर्न थालेका थिए । हाल पुलबाट सवारी आवागमन भइरहे पनि माथिल्लो सतह सम्याउने, खाल्डाखुल्डी मर्मत गर्ने र कालोपत्रे गर्नेलगायतका काम अझै बाँकी रहेको छ।

आर्थिक वर्ष २०७६/७७ मा पुल सेक्टर कार्यालय काठमाडौं र महादेव-खिम्ती-हीराचन जेभीबीच भएको ठेक्का सम्झौता अनुसार १९.६० मिटर चौडाइ, चार लेन, दुई स्पान र ९० मिटर लम्बाइको पुल १५ करोड २२ लाख रुपैयाँ (मूल्य अभिवृद्धि करबाहेक) लागतमा निर्माण गर्ने योजना थियो। तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको परियोजना विभिन्न कारणले सात वर्षसम्म लम्बिएको छ।

# स्काईलाइन जग्गा प्रकारणमा प्रमाणको माग

**टुडे समाचारदाता**

वीरगञ्ज । भूमि प्रशासन कार्यालय, पर्साले वीरगञ्जको आदर्शनगरस्थित स्काईलाइन मल जोडिएको जग्गा प्रकरणमा दोहोरो श्रेस्ता खारेज सम्बन्धी प्रक्रियामा थप प्रमाण तथा कागजात पेश गर्न सम्बन्धित पक्षलाई भनेको छ।

भूमि प्रशासन कार्यालयले ७ दिन भित्र उक्त प्रमाणहरू उपलब्ध नगराए नापी विभागको परिपत्रअनुसार दोहोरो श्रेस्ता कानुन बमोजिम बदर गर्ने प्रक्रिया अघि बढाइने चेतावनी समेत दिएको छ । मालपोत कार्यालय पर्साले साविक रुकमनी देवी केडियाको नाममा दर्ता रहेको जग्गा हाल पुनःनापीपछि विभिन्न व्यक्तिहरूको नाममा श्रेस्ता कायम भएको विषयमा विवाद देखिएको जनाउँदै थप विवरण आवश्यक रहेको स्पष्ट पारेको हो।

कार्यालयले वीरगञ्ज महानगरपालिका-७ (हाल वडा नं. ६) अन्तर्गतको कित्ता नं. १४ (ज.वि. ०-९-०) र कित्ता नं. १५ (ज.वि. ०-२-६-०) सम्बन्धी जग्गा नामसारी माग गर्दै प्रदीप कुमार केडिया लगायतले दिएको निवेदनपछि नापी कार्यालय र अन्य निकायसँग समन्वय भए पनि




आवश्यक अभिलेख पूर्ण रूपमा प्राप्त नभएको जनाएको छ।

भूमि प्रशासन कार्यालयका अनुसार साविक नक्सा, फिल्डबुक, प्लटबुक तथा दर्ता श्रेस्ता र स्वामित्व पुष्टि गर्ने प्रमाण कागजात अभावमा निर्णय प्रक्रिया अघि बढाउन कठिनाइ भएको छ।

यसैबीच, जिल्ला प्रशासन कार्यालय पर्सामा भएको छलफल, सम्बन्धित निकायहरूको सहमति तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट माग भएको राय-प्रतिक्रिया समेतलाई आधार मानेर थप प्रमाण माग गरिएको जनाइएको छ।

कार्यालयले सम्बन्धित व्यक्ति वा संस्थालाई सात दिनभित्र आफूले जग्गा प्राप्त गरेको स्रोत-प्रक्रिया (खरिद, बिक्री, नामसारी, लिलाम वा अधिग्रहण) सम्बन्धी प्रमाण पेश गर्न निर्देशन दिएको छ । निर्देशित समयभित्र प्रमाण पेश नभएमा मालपोत ऐन २०३४, भूमि प्रशासन निर्देशिका २०८१ तथा नापी विभागको परिपत्रअनुसार दोहोरो श्रेस्ता कानुन बमोजिम बदर गर्ने प्रक्रिया अघि बढाइने भनेको छ।

भूमि प्रशासन अधिकृत खेमराज खत्रीद्वारा हस्ताक्षरित उक्त पत्रको बोधार्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जिल्ला प्रशासन कार्यालय पर्सा, वीरगञ्ज महानगरपालिका, नापी कार्यालय तथा विभिन्न बैंकहरूलाई समेत पठाइएको बुझिएको छ।

# सुनचाँदी चोरी आरोपमा ३ जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । भारतको उत्तर प्रदेशस्थित रामपुर जिल्लामा तेलंगाना राज्यबाट करिब १२ करोड रुपैयाँ बराबरको सुन-चाँदी र नगद चोरी गरी भाग्दै गरेका तीन नेपाली नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेमा पति, उनकी पत्नी र सालि रहेको भारतीय प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेकाहरूको साथबाट ७ किलो सुन, १ किलो चाँदी र करिब २५ हजार भारतीय रुपैयाँ नगद बरामद गरिएको छ। सो घटना तेलंगानाको साइबराबाद कमिश्नरेटअन्तर्गत गाचीबाउली क्षेत्रको एक सम्पन्न परिवारको घरमा भएको हो। उक्त घरमा नेपालबाट आएका कमल, उनकी पत्नी विमला र सालि कल्पना कामदारका रूपमा बस्दै आएका थिए।

शुरुवातमा उनीहरूको व्यवहार सामान्य र विश्वासिलो देखिएकाले घरधनी परिवारले पूर्ण भरोसा गरेका थिए। तर समयसँगै उनीहरू घरको दैनिक गतिविधि, आवतजावत र सुरक्षा अवस्थाबारे गहिरो जानकारी लिँदै



गए। घटनाको दिन घरधनी परिवार बाहिर गएको मौका पारेर ती तीन जनाले घरभित्र राखिएको ठूलो मात्रामा सुन-चाँदी र नगद चोरी गरेको आरोप छ। चोरी गरिएको सम्पत्तिको कुल मूल्य करिब १२ करोड भारतीय रुपैयाँ बराबर रहेको बताइएको छ।

चोरीपछि तीनै जना फरार भएका थिए र नेपालतर्फ भाग्ने तयारीमा रहेको अवस्थामा उनीहरू भारत-नेपाल सीमातर्फ जाँदै गर्दा रामपुरमा पक्राउ परेका हुन् । रामपुर प्रहरीले चेकिङका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो । पक्राउपछि गरिएको खानतलासीमा चोरी गरिएको भनिएको सम्पूर्ण सामान फेला परेको प्रहरीले जनाएको छ।

तेलंगाना र उत्तर प्रदेश प्रहरीले संयुक्त रूपमा सञ्चालन गरेको अपरेशनपछि उनीहरू पक्राउ परेका हुन्। तेलंगानाको गाचीबाउली क्षेत्रमा दर्ता भएको चोरी मुद्दाको आधारमा अनुसन्धान अघि बढाइएको थियो।

रामपुरका प्रहरी प्रमुख सोमेंद्र मीणाका अनुसार, अन्य सम्भावित संलग्न व्यक्तिहरूको खोजी तथा अनुसन्धान जारी छ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सफलता सुनिश्चित हुनेछ । लगानी लाभदायक बन्नेछ।
वृष : पुराना आकांक्षा पुरा हुने समय आएको छ। मिहिनेतको कदर हुनेछ।
मिथुन : सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ।
कर्कट : अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ।
सिंह : पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ। यात्राको योजना बन्न सक्छ।
कन्या : परिक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ।
तुला : आकांक्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।
वृश्चिक : आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ।
धनु : सहकार्य र धैर्यले समस्या समाधान हुनेछ।
मकर : नयाँ काम थाल्न उपयुक्त समय हो।
कुम्भ: काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ।
मीन: व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सबै सरकारी वेबसाइटमा 'एक्सेसिबिलिटी टुल'




काठमाण्डु । सरकारी निकायका वेबसाइटलाई सबै नागरिकका लागि सहज र समावेशी बनाउन पहुँचमैत्री उपकरणहरू समावेश गरिएका छन् ।

दृष्टिविहीन, न्यून दृष्टि, रङ्ग पहिचानमा समस्या, पढाइसम्बन्धी कठिनाइ भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विशेष आवश्यकता भएका प्रयोगकर्ताले सरकारी वेबसाइटको सामग्री अझ सहज रूपमा प्रयोग गर्नसक्ने गरी सबै सरकारी वेबसाइटमा पहुँचमैत्री उपकरण (एक्सेसिबिलिटी टुल) राखिएको सूचना प्रविधि विभागका सूचना अधिकारी प्रकाश दवाडीले जानकारी दिनुभयो ।

सरकारले गत चैतमा सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदा नं ३० मा सरकारी एप तथा पोर्टललाई अपाङ्गता भएका व्यक्ति र कम प्राविधिक ज्ञान भएका नागरिकले पनि चलाउनसक्ने गरी सरल बनाउने उल्लेख छ ।

सरकारी वेबसाइट खोलिसकेपछि तलपट्टी मध्यभागमा 'एक्सेसिबिलिटी टुल आइकन' भेटिन्छ । यो सुविधाबाट प्रयोगकर्ताले आफ्नो आवश्यकताअनुसार वेबसाइटको स्वरूप तथा सामग्री समायोजन गर्न पाउँछन् ।

जस्तै, सजिलैसँग अक्षरको आकार सानो वा ठूलो बनाउने, वेबसाइटमा रहेका अक्षर तथा शब्दहरु र पृष्ठभूमिबीचको भिन्नता बढाएर सामग्री स्पष्ट रूपमा देख्न सहयोग गर्नेजस्ता 'टुल'हरु त्यहाँ राखिएका छन् ।

त्यसैगरी, विभिन्न प्रकारका रङ फिल्टर प्रयोग गर्न सकिने, अक्षर तथा हरफबीचको दूरी समायोजन गर्न सकिने, फन्ट छान्न सक्नेलगायत व्यवस्था गरिएको छ । वेबसाइट चलाउँदा प्रयोगकर्तालाई थप सहज बनाउन 'माउस कर्सर'लाई सानो वा ठूलो बनाउनसक्ने, वेबसाइटका सबै तस्बिर लुकाएर अक्षर मात्र पढ्न मिल्ने बनाउने, चलायमान दृश्य तथा एनिमेसन रोक्न सकिनेलगायत सुविधा राखिएका छन् ।

प्रयोगबाट मात्र सञ्चालन गर्न सकिने छ ।

सरकारी वेबसाइटमा राखिएका 'स्किप नेभिगेसन' लिङ्कको व्यवस्थाले किबोर्ड तथा स्क्रिन रिडर प्रयोगकर्तालाई सिधै मुख्य विषयवस्तुमा पुग्न सहयोग पुऱ्याउँछ भने महत्वपूर्ण तस्बिर, लोगो तथा सेवासम्बन्धी सामग्रीमा रहेको 'अल्ट टेक्स्ट'ले दृष्टिविहीन प्रयोगकर्तालाई सामग्री बुझ्न सहज हुन्छ ।

यसैगरी, फाराम भर्ने क्रममा देखिने त्रुटि सन्देश (इरर म्यासेज) र सुझाव सजिलै सुन्न र बुझ्न मिल्ने गरी वेबसाइट तयार पारिएको विभागले जनाएको छ ।

सर्च तथा सम्पर्क फारामजस्ता 'इनपुट' क्षेत्रमा स्पष्ट नाम र सङ्केत राखिएकाले 'स्क्रिन रिडर' प्रयोगकर्तालाई थप सहज हुन्छ । कि-बोर्ड प्रयोगकर्ताले आफू वेबसाइटको कुन स्थानमा छु भन्ने कुरा थाहा पाँउछन् ।

यसअघि गत वैशाखमा विभागले अपाङ्गमैत्री सुविधासहित सञ्चालित सरकारी एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली

> सरकारले गत चैतमा सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदा नं ३० मा सरकारी एप तथा पोर्टललाई अपाङ्गता भएका व्यक्ति र कम प्राविधिक ज्ञान भएका नागरिकले पनि चलाउनसक्ने गरी सरल बनाउने उल्लेख छ ।

विभागका अनुसार अन्तरराष्ट्रिय मापदण्डका रुपमा रहेको 'वेब कन्टेन्ट एक्सेसिबिलिटी गाइडलाइन' (डब्ल्युसिएजी) अनुरुप विकास गरिएका यी वेबसाइट किबोर्डको अध्यावधिक गर्नेसम्बन्धी तालिम दिएको थियो । विभिन्न मन्त्रालय तथा विभागका कर्मचारीलाई लक्षित गरी उक्त तालिम सञ्चालन गरिएको थियो ।रासस

# श्रमबजारका चुनौती सामना गर्न नीतिगत लचकतामा जोड



काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका एसोसिएट उपाध्यक्ष प्रवलजङ्ग पाण्डेले श्रमबजारका विद्यमान परिवर्तन र चुनौतीको सामना गर्न व्यावहारिक नीतिगत लचकता, उद्यम उत्पादकत्व वृद्धि र सुदृढ त्रिपक्षीय सहकार्यको आवश्यकतामा जोड दिनुभएको छ ।

स्वीट्जरल्याण्डको जेनेभामा आयोजित अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को ११४औँ सत्रलाई नेपालको रोजगारदाता परिषद्कोतर्फबाट मङ्गलबार सम्बोधन गर्नुहुँदै उपाध्यक्ष पाण्डेले नेपाल हाल महत्वपूर्ण आर्थिक सङ्क्रमणको चरणबाट गुज्रिरहेको उल्लेख गर्नुभयो । विश्वभरका प्रतिनिधिहरू, विशिष्ट व्यक्तित्व तथा सामाजिक साझेदारमाझ आफ्नो मन्तव्य राख्नुहुँदै उहाँले सरकारले सुशासन, लगानी प्रवर्द्धन तथा पूर्वाधार विकासमा प्रतिबद्धता देखाए पनि आन्तरिक बजारमा सुस्त आर्थिक वृद्धि, सीमित औद्योगिक विकास र बढ्दो व्यावसायिक लागतजस्ता चुनौती कायमै रहेको बताउनुभयो ।

"नेपालको युवा जनशक्ति रोजगारीका लागि निरन्तर वैदेशिक गन्तव्यतर्फ पलायन भइरहेको छ । यो चिन्ताको विषय हो", उपाध्यक्ष पाण्डेले भन्नुभयो, "लगानीमैत्री नीति, सीप विकास र शिक्षालाई श्रम बजारको वास्तविक मागसँग जोडेर स्वदेशमै मर्यादित एवं उत्पादकमूलक रोजगारीका अवसर सिर्जना गर्नुपर्दछ ।"

परिवर्तित विश्वपरिवेश र डिजिटल अर्थतन्त्रको चर्चा गर्नुहुँदै उपाध्यक्ष पाण्डेले नेपालमा पनि अनलाइन व्यवसाय, राइड-शेयरिङ र डेलिभरी प्लेटफर्मजस्ता डिजिटल सेवामा युवाको संलग्नता तीव्र रूपमा बढिरहेको बताउनुभयो । यसले उद्यमशीलताका नयाँ अवसर ल्याए पनि श्रम मापदण्ड र सामाजिक सुरक्षाका विषयमा नयाँ बहस सिर्जना गरेको उहाँको भनाइ थियो ।

नेपालजस्ता विकासशील देशलाई कठोर विश्वव्यापी मापदण्ड थोपर्नुको सट्टा आफ्नो राष्ट्रिय यथार्थ, संस्थागत क्षमता र आर्थिक अवस्थाअनुरूप श्रम सुधार एवं कानुनी व्यवस्था लागू गर्न आवश्यक लचकता दिनुपर्नेमा उपाध्यक्ष पाण्डेको जोड थियो । उहाँले नेपाली रोजगारदाताका तर्फबाट अघि सारिएका प्रमुख प्राथमिकता र कार्यान्वयन भइरहेका प्रयासको विवरण प्रस्तुत गर्नुभयो ।

राष्ट्रिय व्यावसायिक सुरक्षा तथा स्वास्थ्य कार्ययोजना लागू भएपश्चात् रोजगारदातामा सुरक्षित र स्वस्थ कार्यस्थल सामाजिक जिम्मेवारी मात्र नभई उत्पादकत्व, दिगोपन तथा व्यावसायिक प्रतिस्पर्धात्मकताका लागि अपरिहार्य तत्व रहेको चेतना बढेको बताउनुभयो । यसअन्तर्गत चिया र अलैँचीजस्ता क्षेत्रमा विशेष निर्देशिका निर्माण गरी प्रारम्भिक कार्य सुरु भइसकेको उहाँले जानकारी दिनुभयो ।

यसका साथै, महासङ्घले छनोट गरिएका उद्योगमा 'केयर मोडल' को पाइलट प्रोजेक्ट सफलतापूर्वक सुरु गरिसकेको भन्दै उपाध्यक्ष पाण्डेले विशेषगरी महिलाका लागि रोजगारीका अवसर सिर्जना गर्न र कार्यस्थलमा सामाजिक समावेशीकरण तथा सामुदायिक कल्याण बढाउन ठूलो सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

बाढी, पहिरो र मौसम परिवर्तनका कारण उद्योग, कृषि तथा जीविकोपार्जनमा परेको गम्भीर असरलाई मध्यनजर गर्दै उपाध्यक्ष पाण्डेले कार्यस्थलको भविष्यसम्बन्धी विश्वव्यापी छलफलमा हरित रोजगारी र जलवायु जोखिममा रहेका नेपालजस्ता मुलुकलाई प्राविधिक सहयोग गर्ने विषय समेटिनुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी, मध्यपूर्वमा जारी भू-राजनीतिक तनावले नेपाल जस्तो विप्रेषण (रेमिट्यान्स), आयात र पर्यटनमा निर्भर अर्थतन्त्रलाई प्रत्यक्ष प्रभाव पारिरहेको अवस्थामा रोजगारीको रक्षा गर्न, व्यवसायको निरन्तरता सुनिश्चित गर्न तथा आपसी संवाद सुदृढ बनाउन रोजगारदाताको भूमिका महत्वपूर्ण हुने उपाध्यक्ष पाण्डेले उल्लेख गर्नुभयो । उहाँले उद्यमको उत्पादकत्व वृद्धि, कार्यस्थल सहकार्य, सीप विकास र नवप्रवर्तन प्रवर्द्धनका लागि अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) सँग दीर्घकालीन प्राविधिक सहयोगको माग गर्नुभयो ।

महासङ्घ सामाजिक संवाद, सहकार्य र मर्यादित श्रमप्रति पूर्ण प्रतिबद्ध रहेको दोहोऱ्याउँदै उपाध्यक्ष पाण्डेले आपसी विश्वास, साझेदारी र सन्तुलित नीतिमार्फत आर्थिक वृद्धि तथा श्रम अधिकारलाई सँगसँगै अगाडि बढाउन सकिने विश्वास व्यक्त गर्नुभयो । रासस

# सीमा अतिक्रमण रोक्न पहल गरौँ : अध्यक्ष राई



काठमाण्डु । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले सीमा क्षेत्रमा भारतीय पक्षले गरेका अतिक्रमण रोक्न नेपालले पहल गर्नुपर्ने बताउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकमा समय माग गरेर अध्यक्ष राईले प्रधानमन्त्रीले दिनुभएको अभिव्यक्ति सच्याउन आग्रह गर्नुभयो ।

प्रतिनिधिसभाको आजको बैठकमा परराष्ट्रमन्त्री शिशिर खनालले वक्तव्य दिएको विषयमा अध्यक्ष राईले असन्तुष्टि व्यक्त गर्नुभयो ।

बैठकको कार्यसूची सञ्चालन भइरहँदा श्रम संस्कृति पार्टीका अध्यक्ष राईसहित सो पार्टीका सदस्यले विरोध गरेपछि सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०८३ को २१ (ख) तर्फ ध्यानाकर्षण गराउँदै सभामुखको समय लिएर बोल्न र अमर्यादितरूपमा प्रस्तुत नहुन सभामुख अर्यालले पटकपटक आग्रह गर्नुभएको थियो ।

आगामी आर्थिक वर्षको बजेटमाथिको सैद्धान्तिक छलफल हुन लाग्दासमेत बैठकमा सो दलका सांसदले लगातार विरोध गरेपछि सभामुख अर्यालले राईलाई बोल्न समय दिनुभएको थियो । रासस

# ट्रेड युनियन खारेजविरुद्धको रिटमाथि जेठ २९ मा सुनुवाइ




काठमाण्डु । सर्वोच्च अदालतले ट्रेड युनियन खारेज गर्ने निर्णयविरुद्ध परेको रिट निवेदनमाथिको सुनुवाइ नसकिएपछि 'हेर्दाहेर्दै' मा यही जेठ २९ गते सुनुवाइ हुने भएको छ ।

प्रधान न्यायाधीश डा मनोजकुमार शर्मा, न्यायाधीशहरू डा नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेलको संवैधानिक इजलासमा सुनुवाइ सुरु भए पनि समय नभ्याएपछि हेर्दाहेर्दैमा यही जेठ २९ गते सुनुवाइ हुने तय भएको हो । यसअघि यही जेठ २० गते सुनुवाइ सुरु गरी आजका लागि हेर्दाहेर्दैमा राखिएको थियो ।

गत वैशाख २८ गते तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाल, विनोद शर्मा र शारङ्गा सुवेदीको संवैधानिक इजलासमा सुनुवाइ गर्दै रायबाझी आदेश गरेको थियो ।

तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयालले सरकारको उक्त निर्णय कार्यान्वयन नगर्न अल्पकानीन अन्तरिम आदेश गर्नुभएको थियो भने न्यायाधीशहरू विनोद शर्मा र शारङ्गा सुवेदीले भने फरक मत राख्दै अपुरणीय क्षति नपुग्ने भएकाले अल्पकालीन आदेश दिने विषयमा सहमति नभएको जनाउनुभएको छ ।

अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि बोलाउँदै महान्यायाधीवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनेको थियो ।

नेपाल निजामती कर्मचारी सङ्गठन केन्द्रीय कार्य समितिको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष भवानी दाहाल समेतले राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाई ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न आदेशको माग गरिएको थियो । रासस

# भारतीय पर्यटक तान्न नाट्टा गण्डकीको 'कलकत्ता मिसन'

पोखरा । पर्यटकीय राजधानी पोखरालाई भारतीय पर्यटकको रोजाइको केन्द्र बनाउने उद्देश्यका साथ नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीले छिमेकी राष्ट्र भारतको कलकत्तामा पाँच दिने विशेष प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्ने भएको छ ।

यही जेठ २८ देखि असार १ गतेसम्म सञ्चालन हुने 'पोखरा नेपाल प्रमोसनल क्याम्पेन तथा बिटुबी सेल्स मिसन' मार्फत भारतीय पर्यटन बजारमा पोखराको सशक्त उपस्थिति जनाउने तयारी व्यवसायीहरूले गरेका हुन् ।

नाट्टा गण्डकीले पोखरामा पत्रकार सम्मेलन गर्दै यसपटकको कलकत्ता भ्रमणलाई केवल प्रवर्द्धनमा मात्र सीमित नराखी हवाई सञ्जाल विस्तारको एजेन्डालाई प्राथमिकतामा राखेको महासचिव चेतबहादुर कार्कीका जानकारी दिनुभयो । उहाँका अनुसार पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट भारतका मुख्य सहरहरूमा सिधा हवाई उडान सञ्चालनका लागि त्यहाँका सम्बन्धित निकायहरूसँग छलफल गरिनेछ ।

कलकत्तामा आयोजना हुने बिटुबी सेसनमा पोखरा र समग्र नेपालको पर्यटन समेटिएको वृत्तचित्र प्रदर्शन गरिनेछ । त्यहाँका पर्यटन व्यवसायी, पत्रकार र सामाजिक सञ्जालका सेलिब्रेटीहरूलाई सहभागी गराएर पोखरालाई 'ट्रेन्डिङ' गन्तव्यको रूपमा चिनाइने अध्यक्ष किशोर दाहालले बताउनुभयो ।

NEPAL ASSOCIATION OF TOUR & TRAVEL AGENTS

अभियानका क्रममा इन्डियन एसोसिएसन अफ टुर अपरेटर, ट्राभल एजेन्ट्स एसोसिएसन अफ वेंगल र एसोसिएसन अफ बुद्धिष्ट टुर अपरेटर्सलगायतका आधा दर्जनभन्दा बढी भारतीय पर्यटन संस्थाहरूसँग सहकार्य र व्यावसायिक सम्झौता गर्ने कार्यक्रम छ रहेको संस्थाका प्रथम उपाध्यक्ष एवं कार्यक्रम संयोजक संगीता पौडेल जानकारी दिनुभयो ।

बाइस सदस्यीय व्यवसायीको टोलीले कलकत्ताका प्रमुख पर्यटकीय गन्तव्यको अवलोकनसमेत गर्नेछ । नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछानेले पछिल्लो तथ्याङ्कअनुसार नेपाल भित्रिने कूल पर्यटकमध्ये २९ प्रतिशत भारतीय नागरिक रहने गरेको जनाउँदै यो अभियानले पोखरालाई कलकत्ता, दिल्ली र वनारसजस्ता सहरहरूसँग हवाई मार्गले जोड्न दबाब पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले भारतीय पर्यटकको आगमनले पोखराको पर्यटन उद्योग चलायमान भएको जनाउँदै यस्ता सेल्स मिसनले नेपालको आतिथ्य सत्कारलाई विश्व बजारमा नयाँ उचाइ दिने दाबी गर्नुभयो । नाट्टाका पूर्वअध्यक्ष वासु त्रिपाठीले संस्थालै यसअघि पटना, वाराणसी, अयोध्या र सिलगुडीजस्ता सहरहरूमा यस्तै अभियान सफल पारिसकेको छ, जसको सकारात्मक प्रभाव पोखराको पर्यटनमा देखिन थालेको बताउनुभयो । व्यवसायीको निरन्तर पहलले पर्यटनको राजधानी अन्तरराष्ट्रिय विमानस्थल बनाउन सफल भएको बताउनुभयो ।

ग ण ड क ी प्रदेशका ११ जिल्लाका टुर एण्ड ट्राभल व्यवसायीहरूलाई समेटेको नाट्टाले विगतदेखि नै अन्तरराष्ट्रियस्तरका यस्ता गतिविधिमार्फत बाह्य पर्यटक आगमन वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको जनाएको छ । रासस

# सम्पत्ति विवरण बुझाउने म्याद असार मसान्तसम्म थप

काठमाण्डु । सम्पत्ति छानबिन आयोगले सम्पत्ति विवरण बुझाउने म्याद असार मसान्तसम्म थप गरेको छ ।

सम्पत्ति विवरण बुझाउने दायराभित्र परेका पदाधिकारीले आफूहरूले सम्पत्तिसम्बन्धी विवरण सङ्कलनका क्रममा रहेको र समय अपुग भएको जनाएपछि अन्तिम पटकका लागि विवरण बुझाउने गरी एक महिना म्याद थप गरिएको आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीले जानकारी दिनुभयो ।

"स्वदेश तथा विदेशमा रहेका व्यक्तिले आफूहरू विवरण सङ्कलकका चरणमा रहेकाले समय अपुग भएको हुँदा म्याद थप गरिदिन बारम्बार आग्रह गरेपछि मागअनुसार विवरण बुझाउने म्याद थप गरिएको हो", उहाँले भन्नुभयो ।



जेनजी आन्दोलनका क्रममा कतिपय कार्यालय आगजनीमा परेर विवरण सङ्कलनमा कठिनाइ भएको हुनसक्ने अनुमान गरिएको छ । "यो अन्तिम पटकका लागि हो, अब म्याद थप हुँदैन, थपिएको म्यादभित्र सम्बन्धितले अनिवार्य रूपमा सम्पत्ति विवरण दाखिल गर्नुपर्छ", अध्यक्ष भण्डारीले भन्नुभयो, "आयोगमा हालसम्म तीन हजार पाँच सय बढीले सम्पत्ति विवरण प्राप्त भइसकेका छन् ।"

सम्पत्तिसम्बन्धमा ६० भन्दा बढी उजुरी प्राप्त भएको आयोगका अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । निर्धक्क र निष्फिक्री भएर सम्पत्तिसम्बन्धी प्रमाण राखेर आफ्नो विवरण पेस गर्न आयोगले आग्रह गरेको छ । प्राप्त विवरण दर्ता गरेर छानबिनको प्रक्रिया अघि बढाउने आयोगको तयारी छ ।

यसअघि आयोगले यही जेठ मसान्तभित्र आआफ्नो सम्पत्तिको विवरण बुझाउन अनुरोध गरेको थियो । सार्वजनिक पदमा रहेका, पदबाट सेवा निवृत्त भएका वा हटिसकेका व्यक्तिले आफैँ वा आफ्नो प्रतिनिधि वा हुलाक वा आयोगको इमेलमार्फत विवरण तथा उजुरी बुझाउन सक्ने व्यवस्था गरिएको छ । आयोगले २०४८ देखि २०८३ सालसम्मको कुनै समयावधिमा सार्वजनिक पदधारण गरेका व्यक्तिले पदीय दुरुपयोग गरी अस्वाभाविक कमाइ गरेको देखिए उजुरी गरी छानबिन प्रक्रियामा सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गरेको छ । आयोगले मुलुकमा प्रजातन्त्र पुनःस्थापना भएको करिब ३५ वर्षको अवधिलाई २०६२/६३ देखि २०८२/८३ र २०४८/४९ देखि २०६२/६३ सालसम्म दुई चरणमा विभाजन गरी फाइल तथा उजुरी छानबिन गर्ने स्पष्ट गरेको छ ।रासस

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जलेश्वर, महोत्तरीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०२/२८ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, व्याज) लगायत अन्य रकम भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई बैकसँग सर्म्पकमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **जलेश्वर, महोत्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/०७ गते बिहिवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय **जलेश्वर, महोत्तरीमा** दिनको ठीक ३ बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ वमोजिम मिति २०७५/०७/११, मा प्रा.फ.र.नं. ५०२५/२०/०७५/७६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरीक राजश्व विभाग, आन्तरीक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७५/०७/१२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८६७०४३२ को प्रमाणपत्र प्राप्त **साह कोल्ड स्टोर्स** ।

**फर्मको ठेगाना :** महोत्तरी जिल्ला राम गोपालपुर न.पा. वडा नं. ५ ।

| | |
|---|---|
| **प्रोप्राईटर तथा जमानतकर्ता : जितेन्द्र साह** (ना.प्र.नं. १८३०४३/१५, जारी मिति २०७०/०१/२५, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ३, (साविक रामगोपालपुर गा.वि.स. वडा नं. १) । बाबु : राम खेलावन साह तेली । बाजे : परीक्षण साह तेली । | **जमानतकर्ता : राम कुमारी देवी** (ना.प्र.नं. १८३०४३/३३, जारी मिति २०६३/११/१७, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ३, (साविक रामगोपालपुर गा.वि.स. वडा नं. १) । बाबु : विर बहादुर साह । पति : राम खेलावन साह तेली । ससुरा : परीक्षण साह तेली । |
| **जमानतकर्ता : रामखेलावन साह तेली** (ना.प्र.नं. २०८६४०५०, जारी मिति २०४९/०२/०१, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ३, (साविक रामगोपालपुर गा.वि.स. वडा नं.१) । बाबु : परीक्षण साह तेली । बाजे : विलट साह तेली । | **जमानतकर्ता : विरेन्द्र साह** (ना.प्र.नं. १८-०१-७२-००६७८, जारी मिति २०७२/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ३ (साविक रामगोपालपुर गा.वि.स. वडा नं. १) । बाबु : राम खेलावन साह तेली । बाजे : परीक्षण साह तेली |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. राम खेलावन साह तेलीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायाम रहेको महोत्तरी जिल्ला रामगोपालपुर गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १क, कित्ता नं. ४४५, ४४३ र १२०७ क्षेत्रफल ०-०-१३-०, ०-०-१६-० र ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ....१

२. ऋणी साह कोल्ड स्टोर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..............१

**पुनश्च :**


१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा **शाखा कार्यालय जलेश्वर, महोत्तरीबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ र **शाखा कार्यालय जलेश्वर, महोत्तरीमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पदीय र शक्तिको दुरुपयोग अक्षम्य अपराध

मधेश प्रदेशको एक मात्र महानगरको रुपमा रहेको वीरगञ्ज महानगरपालिकामा व्यथितिलाई समयमै नियमन तथा नियन्त्रण गर्ने निकायको मनमौजी हुँदा अहिले सो पालिकामा अराजकता मौलाएको छ। जुन अस्वभाविक भने कदापि होइन। वीरगञ्ज महानगरपालिकाका निलम्बित मेयर राजेशमान सिंहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेपछि मधेश प्रदेशको राजनीतिक तथा प्रशासनिक वृत्तमा नयाँ बहस शुरु भएको छ। मेयर सिंह पक्षले यो मुद्दालाई नागरिकता प्रकरणसँग सम्बन्धित भन्दै अख्तियारले आफ्नो क्षेत्राधिकार नाघेको आरोप लगाएको छ भने अख्तियारले सरकारी अभिलेखमा हेरफेर, झुटा प्रतिवेदन तयार पार्ने तथा अनुसन्धानलाई प्रभावित पार्ने कार्य भएको दाबी गरेको छ। मेयर सिंहको नक्कली बुवा बनेर नागरिकता दिनु र पदीय तथा शक्तिको भरपुर दुरुपयोग गर्दा पनि केही हुँदैन भन्ने मान्यता स्थापित गर्न खोज्नु पनि देखिन्छ। जुन गलत कार्य हो। जबकी सिंह पक्षको मुख्य तर्क के छ भने उनकी छोरीको नागरिकता बनाउने प्रक्रियामा उनी सेवाग्राहीको भूमिकामा मात्र थिए। सेवाग्राहीले सार्वजनिक पदको दुरुपयोग नगरेकाले भ्रष्टाचारको मुद्दा लगाउनु कानुनी रूपमा उचित नहुने उनीहरूको दाबी छ। यसका साथै सोही विषयमा पर्सा जिल्ला अदालतमा किर्ते तथा जालसाजीसम्बन्धी मुद्दा विचाराधीन रहिसकेको अवस्थामा पुनः विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गर्नु 'दोहोरो कानुनी प्रक्रिया' जस्तै भएको उनीहरूको भनाइ छ। तर अख्तियारको दृष्टिकोण फरक देखिन्छ। आयोगले नागरिकता प्रकरणलाई सामान्य प्रशासनिक त्रुटि नभइ सरकारी अभिलेख परिवर्तन, गलत कागजात निर्माण तथा सत्य तथ्य लुकाउने योजनाबद्ध कार्यका रूपमा हेरेको छ। यदि अनुसन्धानबाट सरकारी संयन्त्रको दुरुपयोग गरी गैरकानुनी लाभ दिलाउन खोजिएको प्रमाणित भयो भने भ्रष्टाचार निवारण ऐनअन्तर्गत मुद्दा चलाउन सकिने कानुनी आधार रहन्छ। त्यसैले यो विवाद अब कानुनी व्याख्या र अदालतको निर्णयमा निर्भर हुने देखिन्छ। राजनीतिक रूपमा हेर्दा, भ्रष्टाचार मुद्दा दर्ता भएसँगै सिंह स्वतः निलम्बनमा परेका छन्। यसले वीरगञ्ज महानगरपालिकाको नेतृत्व र प्रशासनिक कामकाजमा प्रत्यक्ष प्रभाव पार्नेछ। उनका सल्लाहकार, स्वकीय सचिव तथा राजनीतिक नियुक्तिका पदाधिकारीहरूको जिम्मेवारी पनि समाप्त भएकाले महानगरको निर्णय प्रक्रिया केही समय प्रभावित हुन सक्छ। अर्कोतर्फ सिंहविरुद्ध रहेका अन्य उजुरीहरू पनि अनुसन्धानको दायरामा रहेकाले यो मुद्दा केवल नागरिकता प्रकरणमा सीमित नहुने संकेत देखिएको छ। सार्वजनिक सम्पत्ति उपयोग, कर्मचारी नियुक्ति, खरिद प्रक्रिया, राजस्व संकलन तथा विकास योजनामा अनियमिततासम्बन्धी आरोपहरू प्रमाणित भएमा उनको राजनीतिक भविष्य थप जटिल बन्न सक्छ। यस प्रकरणले केवल एक व्यक्तिको कानुनी विवाद मात्र नभइ स्थानीय तहको सुशासन, सार्वजनिक जवाफदेहिता, पारर्शीता र भ्रष्टाचार नियन्त्रणसम्बन्धी राज्यका निकायहरूको भूमिकाको महत्वपूर्ण परीक्षणका रूपमा हेरिएको छ। अब विशेष अदालतको फैसला र अख्तियारको थप अनुसन्धानले यस घटनाको वास्तविक दिशा तय गर्नेछ।

# बहुप्रतिक्षित फुटबलको महासङ्ग्राम विश्वकप



● राजु सिलवाल

चार वर्षको प्रतिक्षापछि फिफा विश्वकप २०२६ फुटबल प्रतियोगिता विगतका विश्वकपहरूभन्दा थप विशेष बन्दै संसारभरका फुटबलप्रेमीहरूको घरसङ्घारमा आइपुगेको छ। व्यापक रूपमा विश्वव्यापी सहभागिता हुने अपेक्षा गरिएको विश्वकपलाई अन्तरराष्ट्रिय पर्वका रूपमा लिने गरिएको छ। विश्वकप फुटबलले एक महिनाभन्दा बढी अवधिभर संसारभरिका फुटबलप्रेमीहरूलाई प्रतिस्पर्धात्मक खेलको माध्यमबाट एकीकृत गर्दै स्वच्छ मनोरञ्जन दिलाउनेछ।

नेपालको समयअनुसार जेठ २९ गते मध्यराति १२ बजेर ४५ मिनेटदेखि शुभारम्भ हुने विश्वकप साउन ४ गते मध्यराति १२ बजेर ४५ मिनेट जाँदा सुरु हुने फाइनल खेलपछि टुङ्गिने खेलतालिका रहेको छ। विज्ञान र प्रविधिको विकाससँगै प्रविधिमैत्रीअनुरुप सञ्चालन गरिने विश्वकप फुटबलले समग्र रूपमा विश्वमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विभिन्न क्षेत्रको विकासका लागि समेत यथोचित योगदान गर्ने आशा गरिएको छ।

### विगतभन्दा फरक

यसपालि पहिलोपटक तीनवटा देश मिलेर संयुक्त रूपमा विश्वकपको आयोजना गर्दैछन्। अमेरिका, क्यानडा र मेक्सिकोले सञ्चालन गर्ने यस प्रतियोगिताको विशेषता भनेको फुटबलप्रेमी दर्शकहरूले धेरै खेल हेर्ने अवसर प्राप्त गर्नु हो। प्रतियोगिताको उद्घाटन खेल जेठ २९ गते मेक्सिको सिटीमा 'ए' समूहमा रहेको विश्वकपको सहआयोजक मेक्सिको तथा दक्षिण अफ्रिकाबीच हुँदैछ। जेठ ३० गते अर्को सहआयोजक क्यानडाले बोस्निया हर्जगोभिनियासँग टोरोन्टोमा तथा सहआयोजक अमेरिकाले पाराग्वेसँग क्यालिफोर्नियामा पहिलो खेल खेल्ने कार्यक्रम छ। यसरी विभिन्न तीन देशमा आयोजना हुने बेग्लाबेग्लै उद्घाटन खेलले विश्वमा रहेका सम्पूर्ण मुलुकहरूलाई नै फुटबलमय बनाउन महत्त्वपूर्ण योगदान गर्नेछ।

विश्वकपका सहभागी मुलुकहरूको सङ्ख्यामा व्यापक मात्रामा वृद्धि गरिनु सन् २०२६ को अर्को उल्लेखनीय उपलब्धि मान्न सकिन्छ। विगतका विश्वकपहरूमा ३२ टोलीको मात्र सहभागिता हुने गर्दथ्यो भने अब ४८ मुलुकका टोलीले अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाउने मौका पाएपछि थप थुप्रै टिम तथा खेलाडीहरूले आफ्नो प्रतिभा प्रदर्शन गर्ने मौका पाएका छन्। विश्वकपको इतिहासमा खेल सङ्ख्या पनि अत्यधिक मात्रामा वृद्धि गरिएबाट प्रतियोगिताको रौनक अझ बढन पुगेको छ। प्रतियोगिताको सहभागी मुलुकभित्र व्यापक चासो र चिन्ता हुने गरेको विश्वकपको लहरले सम्पूर्ण विश्वलाई प्रभावित गर्नेछ। यो प्रतियोगिता विश्वकै लामो प्रतियोगिताका रूपमा स्थापित हुँदैछ।

यसअघिका विश्वकपमा ६४ वटा खेल हुने गरेकामा अब खेल सङ्ख्या बढेर १०४ खेल हुने भएपछि यसको सकारात्मक असर ती खेल सञ्चालन हुने तीनवटै मुलुकका विभिन्न १६ वटा सहरमा पर्ने देखिएको छ। विभिन्न देशबाट खेल हेर्न ती शहरमा जाने पर्यटकको घुइँचोले समग्र आर्थिक अभिवृद्धिमा प्रभाव पर्न जानेछ। सन् २०२२ को कतारमा भएको विश्वकपमा भन्दा यसपटक ४० वटा बढी खेल हुने भएपछि फुटबलप्रेमीहरूलाई धेरै खेल हेर्न पाउने अवसर जुटेको छ। यसअघि समूहगत खेलका लागि सहभागी टिमहरूलाई आठ समूहमा विभाजन गर्ने गरिएको थियो भने यसपटक समूहको सङ्ख्या बढ्न गई 'ए' देखि 'एल' समूह गरी १२ वटा समूहमा विभाजन गरिएको छ। यसअनुसार प्रत्येक समूहमा चारवटा टोली रहेका छन्। प्रत्येक टोलीले खेल्ने लिग र नकआउट चरणका सम्पूर्ण खेलहरूले व्यापक रूपमा फुटबलको लहर ल्याउनेछ।

### सम्भावित प्रतिस्पर्धा

प्रतियोगिताका सहभागी टिमहरूमध्ये गत विश्वकप विजेता अर्जेन्टिना यसपालि पनि उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रदैछ। विपक्षीलाई सन्तुलित रूपमा दबाब दिन यो टिम सफल मानिएको छ। अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीको कुशल नेतृत्व यो टिमको प्रमुख शक्ति रहेको छ। सन् २०१० मा एकपटकमात्र विश्वकप जितेको स्पेनका खेलाडी पनि राम्रो फर्ममा रहेको विश्लेषकहरूले जनाएका छन्। फिफाको विश्व बरियतामा विभिन्न पटक शीर्षस्थानमा रहन सफल स्पेन वर्तमान युरोपेली च्याम्पियन पनि हो। स्पेनको टिम शक्तिशाली राष्ट्रिय टोलीमध्ये एक मानिएको छ।

गत विश्वकपको उपविजेता फ्रान्स पनि विपक्षी टिममाथि आक्रमण गर्न पारङ्गत देखिएको छ। प्रतिभाशाली खेलाडीहरूले भरिएको फ्रान्सेली टिम तेस्रोपटक विश्वकप जित्ने लक्ष्य लिएर मैदानमा उत्रिँदैछ। विपक्षीतर्फ आक्रमण गर्ने सन्दर्भमा इङ्गल्यान्डको टिम पनि कम देखिएको छैन। यो टिम अनुभवी खेलाडीहरूले भरिएका छन्। इङ्गल्यान्डले सन् १९६६ मा एकपटकमात्र आफ्नै गृह मैदानमा विश्वकप जितेको थियो। यस्तै अनुभवी कप्तान क्रिष्टियानो रोनाल्डोको नेतृत्वमा रहेको पोर्चुगलको टिम यो विश्वकपमा सन्तुलित टिममध्ये एक मानिएको छ। यो टिममा मिडफिल्ड होस् वा फूलब्याकजस्तो महत्त्वपूर्ण स्थानमा यथोचित व्यवस्थापन भएको देखिएको छ। विश्वकपमा बलियो टिमका रूपमा हेरिने गरिएको पोर्चुगलले एकपटक पनि विश्वकप जित्न सकेको छैन। सन् १९६६ मा पोर्चुगल तृतीयसम्म भएको थियो।

त्यसैगरी, ब्राजिल पनि विश्वकपका सहभागी टिमहरूमा शक्तिशाली टिमहरूमध्ये पर्दछ। विश्वमा सबैभन्दा धेरैचोटी पाँचपटक विश्वकप जित्न सफल ब्राजिल अहिले छैटौँपटक उपाधि जित्ने दाउमा रहेको छ। अनुभवी खेलाडीहरूको कमी नदेखिएको ब्राजिलले विश्वकप फुटबल प्रतियोगिता आयोजना भएको प्रारम्भिक दिनदेखि नै प्रतिस्पर्धा गर्दै आइरहेको छ।

चारपटक विश्वकप जितिसकेको जर्मनीजस्ता टिम पनि विश्वकपका बलिया दाबेदार मान्न सकिन्छ। तर सन् २०१८ तथा २०२२ मा समूह चरणबाटै बाहिरिएको जर्मनी यसपटक त्यस्तो पीडा फेरि नपरोस् भन्नेतर्फ सचेत रहेको छ। विश्वकपमा दुईपटक तृतीय भइसकेको क्रोयसिया तथा सन् २०२२ को विश्वकपमा तेस्रो स्थानका लागि भएको खेलमा क्रोयसियासँग एक गोलअन्तरले मात्र पराजित भएपछि विश्वव्यापी रूपमा चर्चित भएको मोरक्कोजस्ता टिमबाट पनि यसपटक अझ उत्कृष्ट नतिजाका लागि प्रयत्न हुने नै छ। यस्तै नेदरल्यान्डस्, बेल्जियमजस्ता टिमलाई पनि कम आँक्न सकिँदैन।

### धेरै पटक जित्नेहरू

फिफा विश्वकप फुटबल हालसम्म सबैभन्दा धेरैपटक ब्राजिलले जितेको छ। ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र सन् २००२ मा गरी पाँचपटक विश्वकप हासिल गरेको थियो। यस्तै जर्मनीले चारपटक उपाधि हात पारिसकेको छ। जर्मनी सन् १९५४, १९७४, १९९० र २०१४ मा विजेता बन्न सफल भएको थियो। उपाधि चारपटक नै जितेको इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा ट्रफी कब्जामा लिएको थियो। तीनपटक जितिसकेको अर्जेन्टिनाले सन् १९७८, १९८६ तथा अघिल्लो विश्वकप २०२२ मा विजेता बनेको थियो। फ्रान्स र उरुग्वेले भने दुईदुईपटक विश्वकप जितेका छन्। फ्रान्सले सन् १९९८ र २०१८ मा तथा उरुग्वेले सन् १९३० तथा १९५० मा उपाधि हात पारेका थिए।

अन्तरराष्ट्रिय फुटबल महासङ्घ फिफाको पछिल्लो विश्व वरियताक्रममा अर्जेन्टिना सबैभन्दा अग्रपङ्क्तिमा रहेको छ। दोस्रो स्थानमा स्पेन तथा तेस्रो स्थानमा फ्रान्स रहेका छन्। यस्तै इङ्ग्ल्यान्ड चौथो, पोर्चुगल पाँचौँ स्थानमा छन्।




### अत्यधिक गोल

फिफा विश्वकपको इतिहासमा सबैभन्दा धेरै गोल गरेको इतिहास जर्मनीका मिरोस्लाभ क्लोसले कायम गरेका छन्। उनले सन् २००२, २००६, २०१० र २०१४ गरी चारवटा विश्वकपमा कुल १६ गोल गरेर कीर्तिमान राखेका थिए। विश्वकपमा धेरै गोल गर्नेहरूको सूचीमा दोस्रो स्थानमा रहेका ब्राजिलका रोनाल्डोले कुल १५ गोल गरेका थिए। तत्कालीन पश्चिम जर्मनीका गेर्ड मुलरले कुल १४ गोल, फ्रान्सका जष्ट फोन्टाइनले कुल १३ गोल गरेका थिए। हालसम्म पाँचवटा विश्वकप खेलिसकेका अर्जेन्टिनाका लिओनेल मेस्सीले कुल १३ गोल गरिसकेका छन्। एउटै प्रतियोगितामा सबैभन्दा धेरै १३ गोल फ्रान्सका जष्ट फोन्टाइनले सन् १९५८ को विश्वकपमा गरेका थिए।

### मेस्सीको छैटौं विश्वकप

अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीले छैटौँपटक फिफा विश्वकपमा भाग लिएर इतिहास रच्दै छन्। सम्भवतः यसपालिको विश्वकप उनको लागि अन्तिम विश्वकप हुनेछ। मेस्सीले सन् २००६ मा जर्मनीमा आयोजित विश्वकपमा १८ वर्षकै उमेरमा डेब्यु गर्ने अवसर प्राप्त गरेका थिए। उनले त्यतिखेर सर्बियाविरुद्ध पहिलो गोल गरेका थिए।

सन् २०१० मा दक्षिण अफ्रिकामा दोस्रोपटक विश्वकप खेलेका मेस्सीले सन् २०१४ मा ब्राजिलमा विश्वकपको फाइनलमा आफ्नो टिमलाई प्रवेश गराउने अवसर पाए पनि जर्मनीसँगको नमीठो हार व्यहोरेका थिए। आफ्नो टिम फाइनलमा पराजित भए पनि प्रतियोगिताको उत्कृष्ट खेलाडीका रूपमा मेस्सीले गोल्डेन बुट जित्नु सामान्य सफलता थिएन। सन् २०१८ मा समेत विश्वकप खेलेका मेस्सीले सन् २०२२ मा कतारमा आयोजित विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाउन नेतृत्वदायी भूमिका खेलेका थिए। मेस्सीले प्रतियोगितामा सात गोल गर्नुका साथै दोस्रोपटक गोल्डेन बल जितेका थिए।

### करोडौं पुरस्कार

फिफा विश्वकपको अर्को महत्त्वपूर्ण विशेषता भनेको आकर्षक पुरस्कार पनि मानिएको छ। यसमा विजेता बन्ने टिमले करोडौँ रकम पुरस्कार पाउनेछन्। फिफाले विश्वकपका विजेता टिमलाई पुरस्कारबापत पाँच करोड डलर रकम प्रदान गर्नेछ। उपविजेताले तीन करोड तीन लाख डलर पाउनेछ। तेस्रो स्थान प्राप्त गर्ने टिमले दुई करोड ९० लाख डलर तथा चौथो हुने टिमले दुई करोड ७० लाख डलर पुरस्कार प्राप्त गर्नेछ। यसबाहेक खेलाडीहरूलाई सम्बन्धित मुलुकका सरकार तथा विभिन्न संस्थाका तर्फबाट पनि आकर्षक पुरस्कार प्रदान गरिने प्रचलन रहेको छ। फिफा विश्वकप विजेताले प्राप्त गर्ने ट्रफीको मूल्य पनि सामान्य छैन। फिफा विश्वकप ट्रफीको लागत करिब दुई लाख ४२ हजार ७०० डलर भएको अनुमान गरिएको छ। ट्रफीको तौल छ किलोभन्दा बढी रहेको छ। यसको निर्माण १८ क्यारेटको सुनबाट गरिएको हो। उक्त सुनको ट्रफी स्थायी रूपमा फिफाको स्वामित्वमा रहने नियम छ। यस्तो महत्तवपूर्ण ट्रफीलाई राष्ट्र प्रमुखहरू, फिफा अध्यक्ष र पूर्व विश्वकप च्याम्पियनहरूले मात्र छुन पाउने नियम रहेको छ।

### नयाँ परिवर्तन

विश्वकप फुटबलका सिलसिलामा केही परिवर्तनहरू देख्न पाइने भएको छ। खेल सञ्चालनका लागि खटिने रेफ्रीहरूलाई सघाउन भिडियो सहायक रेफ्रीको व्यवस्था गरिएको छ। खेल सञ्चालनका क्रममा रेफ्रीले कुनै खेलाडीले समय खेर फालिरहेको देखेमा थ्रो-इन तथा गोलकिकको लागि पाँच सेकेन्ड काउन्टडाउन गर्न सक्ने नियम बनाइएको छ। त्यो समयभित्र खेल पुनः सुरु गर्न असफल भएमा विपक्षी टोलीलाई अवसर दिइने नियम बनाइएको छ। यसअनुसार खेलाडीले ढिलो गोलकिक प्रहार गरे विपक्षी टिमलाई कर्नर किकको अवसर प्रदान गरिने छ।

खेल सञ्चालनका क्रममा रेफ्रीका निर्णयहरूको समीक्षा भिडियो सहायक रेफ्रीले गर्न सक्नेछन्। यसरी रेफ्रीले खेल सञ्चालन हुँदा देखाएका पहेँलो तथा रातो कार्डबारे पनि समीक्षा गर्न सकिने भएको छ। खेलका बेला कुनै पनि खेलाडीलाई मुख ढाक्न प्रतिबन्ध लगाइएको छ। खेलको समयमा कुनै खेलाडीले आफ्नो मुख हातले छोपेमा तुरुन्तै रातो कार्डको सामना गर्नुपर्ने भएको छ। कुनै खेलाडी परिवर्तन गरिँदा १० सेकेन्डभित्र मैदान छोडिसक्नुपर्ने व्यवस्था गरिएको छ। यस्तै खेलको बेला घाइते भएका खेलाडीलाई मैदान बाहिर उपचार गरिसकेपछि कम्तीमा ६० सेकेन्डसम्म मैदानबाट बाहिरै रहनुपर्ने नियम बनाईएको छ।

### गर्मीको चुनौती

विश्वकप गर्मीयाममा सञ्चालन गरिने भएकाले खेल सञ्चालनका बेला खेलाडीहरूको सुविधाका लागि प्रत्येक खेलको प्रत्येक हाफमा तीन मिनेटको विश्राम दिइने भएको छ। प्रतियोगिता सञ्चालन गरिने सहरहरूमा हुने गरेको अत्यधिक गर्मी चिन्ताको विषय भएकाले खेल सुरु भएको २२औँ तथा ६७औँ मिनेटमा विश्राम दिइने व्यवस्था मिलाइएको छ। यस्तो विश्राम सबै खेलमा दिइने भएको छ। रङ्गशालाको तापक्रम जस्तोसुकै भए तापनि प्रत्येक खेलमा विश्राम दिइने नियम बनाइएको हो। यस अवधिमा खेलाडीलाई पानी पिउन, आराम गर्न तथा प्रशिक्षकलाई थप रणनीति बनाउन अनुमति दिइने छ। यसअघि तापक्रम ३१ डिग्री सेल्सियस नाघेको अवस्थामा मात्र विश्राम दिइने गरिन्थ्यो।

### नेपालको सहभागिता

नेपालले विश्वकप फुटबलमा सहभागिताका लागि लामो समयदेखि प्रयास गर्दै आएको भए तापनि हालसम्म सफलता मिल्न सकेको छैन। नेपालले हालसम्म नौवटा विश्वकप छनोट प्रतिस्पर्धामा भाग लिए तापनि नतिजा सन्तोषजनक हुनसकेको छैन। नेपालमा फुटबलको संस्थागत विकास भएको लामो समय भइसकेको भए तापनि नेपालका लागि विश्वकप फुटबल ज्यादै कठिन प्रतियोगिताका रूपमा रहेको छ। नेपालमा २००७ साल अगाडि नै तत्कालीन राणा शासनकालमा फुटबल सङ्घको स्थापना भइसकेको थियो। नेपालले अन्तराष्ट्रिय फुटबल महासङ्घ फिफाको सदस्यता लिएको पनि ५० वर्ष नाघिसकेको छ।

नेपालले विगत केही वर्षदेखि विश्वकपका लागि छनोट चरणमा खेल्दै आए तापनि त्यसभन्दा अगाडि भने बढ्न सकेको छैन। नेपाल विश्वकप २०२६ को छनोटमा प्रारम्भिक चरणमै रोकिएको थियो। नेपालले फिफाको विश्व वरियताक्रममा लगातार सुधार नगरेसम्म नेपालको फुटबल टिमले विश्वकपका प्रारम्भिक चरणभन्दा अघि बढन कठिनाइ देखिएको छ। विश्वकपमा पुग्न पहिले एसियाली कपमा स्थापित हुनुपर्ने जरुरी देखिएको छ। एसियाकै उज्वेकिस्तान, जोर्डन तथा बहराइनजस्ता मुलुकले एसियाली कपको अनुभवपछि विश्वकपमा सहभागी हुने अवसर पाएका हुन्। नेपालमा सबैभन्दा लोकप्रिय खेल फुटबललाई विश्वकप लक्षित दीर्घकालीन योजनालाई प्राथमिकतापूर्वक अघि बढाउनुपर्ने आवश्यकता टड्कारो महसुस गरिएको छ।

नेपालले पहिलोपटक सन् १९८६ मा मेक्सिकोमा भएको विश्वकप फुटबल प्रतियोगिताको छनोट चरणमा प्रतिस्पर्धा गरेको थियो। सन् १९८५ को मार्च २ तारिखका दिन काठमाडौँको दशरथ रङ्गशालामा नेपालले गरेको पहिलो प्रतिस्पर्धामा दक्षिण कोरियासँग शून्यका विरुद्ध दुई गोलले पराजय भोगेको थियो। सन् १९९० मा इटलीमा भएको विश्वकपका लागि नेपालले दक्षिण कोरिया, मलेसिया र सिङ्गापुरसँग खेलेका छवटा खेलमा नेपालले कुल २८ गोल खाएर सबै खेलमा पराजित भएको थियो।

# सगरमाथाको भविष्यप्रति आरोहीको बढ्दो चिन्ता

कृष्ण अधिकारी र अच्युत रेग्मी

विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविर वरपरको हिउँ र हिमनदी तीव्र गतिमा पग्लिरहेका देख्दा प्रसिद्ध आरोही फुर्वा तेन्जिङ शेर्पाका आँखा चिसिने गर्दछन्।

स्वदेशी तथा विदेशी आरोहीलाई सगरमाथाको शिखरमा पुऱ्याउँदै नाम र दाम कमाउने उहाँलाई यही गतिमा सगरमाथालगायत हिमालमा हिउँको तह घट्दै जाने हो भने भावी पुस्ताले हिमाल देख्नै नपाउने हुन् कि भन्ने चिन्ता पनि उहाँलाई छ।

उहाँ भन्नुहुन्छ, "पहिले आधार शिविरबाट पाँच मिनेट हिँड्दा हिउँको ढिक्का भेटिन्थ्यो तर अहिले डेढ घण्टा हिँड्दा पनि हिउँ भेट्न गाह्रो छ, यसलाई जलवायु परिवर्तनको प्रत्यक्ष असर मान्न सकिन्छ।" आरोहणका लागि विश्वभरबाट आउने पर्वतारोहीले अहिले सगरमाथाको बद्लिँदो स्वरूप प्रत्यक्ष रूपमा अनुभव गरिरहेको उहाँको भनाइ छ।

उहाँ भन्नुहुन्छ, "विश्वको सर्वोच्च शिखर सगरमाथा केवल हिमाल मात्र होइन, साहस, चुनौती र प्राकृतिक सौन्दर्यको प्रतीक पनि भएकाले यसको संरक्षणमा जुट्नु सबैको सरोकारको विषय हो।"

पृथ्वीको औसत तापक्रम बढ्दै जाँदा हिमाली क्षेत्रमा हिमनदीहरू पग्लिने गति बढ्नु, हिउँ पर्ने समय र मात्रा परिवर्तन हुनु तथा वर्षाको ढाँचा बद्लिनेक्रम तीव्र रूपमा देखिएको आरोहीहरुको भनाइ छ। हिमालय क्षेत्रलाई जलवायु परिवर्तनप्रति अत्यन्त संवेदनशील क्षेत्रका रूपमा लिने गरिन्छ। हिउँले ढाकिएको मार्गमा अहिले धेरै स्थानमा नाङ्गा चट्टान पार गर्नुपर्ने अवस्था आएको उहाँ सुनाउनुहुन्छ। एक समय बाक्लो हिउँले ढाकिएका क्षेत्रमा अहिले चट्टान र बरफका पुराना तहहरू देखिन थालेपछि कतिपय पर्वतारोही आगामी दिनमा नेपालमा आउने सम्भावना कम हुने हो कि भन्ने चिन्तामा फुर्वा देखिनुहुन्छ।

दोलखाको रोल्वालिङमा सन् १९८८ मा जन्मनुभएका अनुभवी पर्वतारोही फुर्वा तेन्जिङ शेर्पा १८ पटक विश्वको सर्वोच्च शिखर सगरमाथा चुचुरोमा पाइला राख्नुभएको छ। १४ वर्षको उमेरमा भरियाको कामबाट हिमाल जान थाल्नुभएका शेर्पा सन् २००७ मा पहिलोपटक सगरमाथाको आरोहण गर्नुभएको थियो। उहाँले यसअघि मनास्लु, आबादब्लम लगायतका हिमालमा पाइला राखिसक्नुभएको छ। सगरमाथा क्षेत्रमा हिउँको कमी हुनु दृश्य परिवर्तनको विषय मात्र होइन; यसले आरोहणको जोखिम, हिमाली पारिस्थितिकी प्रणाली, जलस्रोत तथा स्थानीय समुदायको जीवनमा प्रभाव पार्न थालेको प्रत्यक्ष अनुभूति हुन थालेको छ। यही कारणले पछिल्ला वर्षमा हिउँबिनाको सगरमाथा हुने हो कि भन्ने चिन्ता बढेको छ।

केही दशकअघिसम्म मौसम अपेक्षाकृत स्थिर रहँदै आएकामा अहिले भने मौसममा तीव्र उतारचढाव आउने गरेको छ। बिहान सामान्य देखिएको मौसम केही घण्टामै खराब हुने गर्दछ। उहाँ भन्नुहुन्छ, "सगरमाथाको मार्ग पहिलेभन्दा धेरै परिवर्तन भएको छ। विगतमा हिउँले ढाकिएका भाग अहिले खुला चट्टानमा परिणत हुँदै गएका छन्। यसले आरोहणलाई झन् कठिन र जोखिमपूर्ण बनाएको छ।"

विशेषगरी खुम्बु आइसफल क्षेत्रमा बरफको संरचना अस्थिर बन्दै गएकाले भविष्यमा आरोहणमा थप चुनौती थपिनसक्ने देखिन्छ। हिउँको कमीका कारण बरफ छिटो पग्लिने र चिरा तथा दरार थप खुल्ने समस्या देखिएको उहाँको भनाइ छ।

जलवायु परिवर्तनबाट सिर्जित विश्वव्यापी समस्या छँदैछ, त्योभन्दा पनि फोहर व्यवस्थापनको समस्या झन् जटिल बन्दै गएको उहाँ बताउनुहुन्छ। फुर्वा सगरमाथाको क्याम्प २ सम्म फोहर व्यवस्थापन केही हदसम्म प्रभावकारी देखिए पनि क्याम्प ३ र क्याम्प ४ मा अवस्था अझै चिन्ताजनक रहेको बताउनुहुन्छ। "क्याम्प ४ बाट फोहर तल झार्न निकै गाह्रो छ। आरोहीहरु आफ्नो ज्यान जोगाउनु कि फोहार बोक्नु भन्ने अवस्थामा पुग्छन्", उहाँ भन्नुहुन्छ।

सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले फोहर व्यवस्थापनका लागि प्रयास गरिरहेको भए पनि माथिल्लो



क्षेत्रमा थुप्रिएका पुराना पाल, अक्सिजन सिलिन्डर र अन्य फोहर हटाउन अझै ठूलो चुनौती रहेको शेर्पा बताउनुहुन्छ।

गत मे २० मा एक चिनियाँ नागरिकलाई लिएर सगरमाथाको सफल आरोहण गरेर फर्कनुभएका शेर्पा हरेक वर्ष यो समस्या थपिँदै गएको बताउनुहुन्छ।

यसपटक सगरमाथामा विश्वका ५६ देशका ४९५ आरोहीले अनुमति लिएका थिए भने एक हजारभन्दा बढीले सगरमाथा आरोहण गरेका थिए। हिमालको प्राकृतिक सौन्दर्य र सुरक्षा कायम राख्न सरकार र सरोकारवाला निकायले समयमै ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिएको उहाँको सुझाव छ।

यति मात्र होइन, दक्ष शेर्पाहरुको विदेश पलायन र आरोही कम्पनीहरुबीचको अस्वस्थ प्रतिस्पर्धाले पनि भविष्यमा आरोहीहरुको सङ्ख्यामा प्रभाव पर्नसक्ने सम्भावनालाई उहाँ नकार्न नसकिने बताउनुहुन्छ।

अनुभवी र दक्ष शेर्पाहरू राम्रो अवसरको खोजीमा विदेश पलायन हुनेक्रम बढेको छ। हाल सङ्खुवासभाको मकालु, सोलुखुम्बु र दोलखाको रोल्वालिङ क्षेत्रका शेर्पा आरोहणमा सक्रिय भए पनि दक्ष जनशक्तिको अभाव खड्किएको उहाँको भनाइ छ।

विश्वमै साहसी पथप्रदर्शकको परिचय बनाएका नेपाली शेर्पाहरुले असाधारण क्षमताका साथ कठिन चुनौती व्यहोर्दै आइरहेका छन्। पर्वतारोहणका सिलसिलामा ज्यानसमेत जानसक्ने जोखिमबारे जानकार हुँदाहुँदै पनि उनीहरुले विश्वका विभिन्न मुलुकका पर्वतारोहीले सपना पूरा गर्न नेतृत्वदायी भूमिका खेल्दै आइरहेका छन्। हिमाल चढ्ने काम खतराजनक भए पनि कीर्तिमानी आरोहीलाई नेपालमा खासै सम्मान तथा सुविधा नहुँदा उनीहरुको विदेश पलायन हुनेक्रम रोक्नका लागि सरकारले नै नीतिगत रुपमा निर्णय लिएर कीर्तिमानीहरुको सम्मानका लागि अग्रसरता लिनु जरुरी भएको पर्यटनमा कलम चलाउँदै आउनुभएका पत्रकार राजु सिलवाल बताउनुहुन्छ।

यस्तै, हिमाल आरोहण गराउने कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाले गर्दा सेवाको गुणस्तर र सुरक्षामा प्रश्न उठेको छ। पहिले आरोहणका लागि ५० हजार डलरसम्म लाग्ने गरेकामा अहिले प्रतिस्पर्धाका कारण २०-२५ हजार डलरमै टोलीहरू लैजाने गरिएको उहाँ बताउनुहुन्छ। यसले गर्दा अनुभवी शेर्पाको सट्टा कम अनुभवी व्यक्तिहरू परिचालन हुने जोखिम बढेको उहाँको भनाइ छ।

हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असरबारे विभिन्न अनुसन्धान संस्थाले सङ्कलन गरेका हिमनदीको अवस्था, हिउँको मात्रा तथा तापक्रम परिवर्तनसम्बन्धी तथ्याङ्कका आधारमा नेपाल सरकारले पनि अध्ययन र निगरानी बढाउनुपर्ने नेपाल पर्वतारोहण सङ्घका महासचिव राजेन्द्र लामा बताउनुहुन्छ। यस्ता अध्ययनले भविष्यका जोखिम मूल्याङ्कन र नीतिगत योजना बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ।

जलवायु परिवर्तनको प्रभाव कम गर्न विश्वव्यापीस्तरमा हरितगृह ग्यास उत्सर्जन घटाउने प्रयाससँगै स्थानीयस्तरमा पनि हिमाली वातावरण संरक्षण, फोहर व्यवस्थापन तथा दिगो पर्यटनलाई प्राथमिकता दिनुपर्ने आवश्यकतामा लामाको जोड छ।

सगरमाथामा आरोहण गर्न आउने अधिकांश विदेशी पर्वतारोहीले हिउँको कमीलाई प्रत्यक्ष देखेको अनुभव सुनाउने गरेका छन्। कतिपयले आधार शिविरदेखि माथिल्ला क्याम्पसम्म पुग्ने क्रममा अपेक्षाभन्दा कम हिउँ देखिएको भन्दै कतिपय आरोहीहरुले आफूसँग चासो देखाएको फुर्वा बताउनुहुन्छ।

# नेपाल-भारत सीमा समस्या कूटनीतिक संवाद र वार्तामार्फत समाधान खोजिनेछः परराष्ट्रमन्त्री



काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा नेपाल-भारत समस्याको समाधान कूटनीतिक संवाद र वार्तामार्फत नेपाल प्रतिबद्ध रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा आफ्नो भारतको भ्रमण र प्रधानमन्त्री वालेन्द्र शाहले सदनलाई यही जेठ १७ गते गर्नुभएको सम्बोधन तथा नेपाल-भारत सीमालगायत विषयमा स्पष्ट पार्दै उहाँले नेपाल तथा भारतबीच रहेको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप सो समस्या समाधान गरिने बताउनभुयो।

राष्ट्रिय हित केन्द्रित परराष्ट्र नीति र अन्तरराष्ट्रिय सम्बन्धलाई प्राथमिकतामा राखेर वर्तमान सरकार अघि बढिरहेको जनाउँदै मन्त्री खनालले मित्र राष्ट्रहरूसँगका द्विपक्षीय संयन्त्रहरूलाई क्रियाशील बनाउँदै राष्ट्र हित र आर्थिक कूटनीतिलाई प्रवर्द्धन गर्ने दिशामा महत्त्वपूर्ण कदम लिइएको बताउनुभयो । सङ्घीय संसद्को प्रतिनिधिसभा बैठकमा परराष्ट्रमन्त्रीले गर्नुभएको सम्बोधनको पूर्णपाठः

**सम्माननीय सभामुखज्यू,**

**माननीय सदस्यज्यूहरू,**

नेपालको संविधान, अन्तरराष्ट्रिय सम्बन्ध एवं परराष्ट्र नीति सञ्चालनका मार्गदर्शक सिद्धान्त एवम् उद्देश्यहरूप्रति हामी प्रतिबद्ध छौँ। सरकारले सुशासन र आर्थिक समृद्धि हासिल गर्ने विषयलाई प्राथमिकतामा राखी काम गरिरहेको छ।

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता, स्वाधीनताको रक्षा र नेपाली नागरिकको सुरक्षा र हकहित संरक्षणलगायत समग्र राष्ट्रिय हितको प्रवर्द्धन गर्ने गरी मैले नेतृत्व गरेको परराष्ट्र मन्त्रालयबाट निरन्तर कामकारबाही भइरहेको छ।

मन्त्रालयबाट सम्पादित कामका सम्बन्धमा विभिन्न समयमा यस सम्मानित संसद् र सम्बन्धित समितिहरूमा जानकारी गराउँदै आएको र यो क्रम जारी रहने बेहोरा पनि म निवेदन गर्न चाहन्छु।

यसै सिलसिलामा हालै मैले सम्पन्न गरेको भारतको भ्रमण र सम्माननीय प्रधानमन्त्रीज्यूले यस सम्मानित सदनलाई २०८३ जेठ १७ गते गर्नुभएको सम्बोधन तथा नेपाल-भारत सीमालगायत विषयमा जानकारी गराउन चाहन्छु।

**सम्माननीय सभामुखज्यू,**

**माननीय सदस्यज्यूहरू,**

भारतका विदेशमन्त्री महामहिम डा एस जयशङ्करको सौहार्दपूर्ण निमन्त्रणामा भारतको तीनदिने औपचारिक भ्रमण सम्पन्न गरी म २०८३ जेठ २४ काठमाडौँ फर्केको छु।

गत फागुनमा सम्पन्न निर्वाचनपछि गठित नयाँ सरकारको औपचारिक प्रतिनिधित्व गर्दै भएको पहिलो उच्चस्तरीय भ्रमणबाट नेपाल र भारतबीचको मैत्रीपूर्ण र बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको मैले विश्वास लिएको छु।

सो भ्रमणका क्रममा ६ जुन २०२६ मा नयाँ दिल्लीमा भारतका विदेशमन्त्री महामहिम डा एस जयशङ्करसँग औपचारिक भेट र प्रतिनिधिमण्डलस्तरीय वार्ता सम्पन्न भएको छ । दुवै देशका प्रतिनिधिमण्डलबीच नेपाल-भारत द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षहरूमा व्यापक तथा उपलब्धिमूलक छलफल भएको छ।

द्विपक्षीय वार्तामा व्यापार तथा आर्थिक सहकार्य, कनेक्टिभिटी, ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन, साझा सुरक्षा, सीमा व्यवस्थापन, खेलकुद र जनस्तरीय सम्बन्ध अभिवृद्धिजस्ता विषयहरूमा ठोस छलफल भएको छ। दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। साथै, विभिन्न क्षेत्रीय तथा अन्तरराष्ट्रिय मुद्दाहरूमा समेत विचार आदान-प्रदान गरिएको छ।

नेपाल-भारतबीच द्विपक्षीय सहकार्यमा सञ्चालित परियोजनाको प्रगति समीक्षा गर्नुका साथै तिनलाई थप प्रभावकारी बनाउने उपायहरूबारे पनि महत्त्वपूर्ण छलफल भएको छ।

बैठकका क्रममा हामीले तीन वटा संयुक्त घोषणासमेत गरेका छौँ :

(क) एनसिएचएल र एनपिसिआई बीच जुन २०२३ मा हस्ताक्षर गरिएको समझदारीपत्रअन्तर्गत अन्तरदेशीय भुक्तानी P2P लेनदेनको सञ्चालन।

(ख) नेपालमा भूकम्पपछि भारतको विकास सहयोगमा पुनर्निर्माण सम्पन्न भएका परियोजनाहरूको हस्तान्तरण।

(ग) Voice First भाषा अनुवाद प्लेटफर्मको राष्ट्रिय डिजिटल पूर्वाधारको सह-निर्माणका लागि काठमाडौँ विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर एण्ड आर्टीफिसियल इन्टेलिजेन्स सेन्टर र डिजिटल इन्डिया भाशिनी डिभिजनबीच समझदारी पत्र।

उक्त भ्रमणका क्रममा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग समेत भेटघाट र छलफल भयो । उक्त बैठकमा नेपाल र भारतका साझा सुरक्षा चासो, सीमा व्यवस्थापन तथा दुई देशबीचको रणनीतिक साझेदारीका विभिन्न पक्षहरूमा विचार आदानप्रदान भयो।

भ्रमणकै क्रममा इन्डिया फाउन्डेसनद्वारा नयाँ दिल्लीमा आयोजित एक विशेष कार्यक्रममा प्रबुद्ध व्यक्तित्वहरूको समूहलाई मैले सम्बोधन गर्ने अवसर पाएँ। उक्त कार्यक्रममा मैले नेपालको परराष्ट्र नीतिका प्राथमिकताहरूका बारेमा प्रकाश पार्दै सहभागीहरूसँग ऊर्जा, व्यापार, सीमालगायत साझा चासोका विषयहरूमा केन्द्रित रही अन्तरक्रिया समेत गरेँ।

त्यसैगरी नेपाली दूतावास, नयाँ दिल्लीको भ्रमण गरी दूतावासका पछिल्ला कामकारबाहीबारे दूतावास परिवारसँग प्रत्यक्ष अन्तरक्रिया गर्दै भारतमा नेपाल र नेपालीको हितको रक्षाका लागि प्रतिबद्ध भएर लाग्न निर्देशन दिएको छु। साथै, दूतावासमा आयोजित मिडिया अन्तरक्रियामा भारतमा रहेका सञ्चारमाध्यमसँग छलफल गरी हाम्रा प्राथमिकताबारे पनि जानकारी गराएको छु।

यस भ्रमणका क्रममा भएका छलफल र उच्चस्तरीय भेटघाटहरूले नेपाल र भारतबीचको कूटनीतिक र आर्थिक सहकार्यलाई नयाँ उचाइमा पुर्याउनुका साथै आगामी दिनमा आपसी हितका क्षेत्रहरूमा परिणाममुखी सहकार्य अघि बढाउन बलियो आधार तयार गरेको मैले महसुस गरेको छु।

नेपालको सन्तुलित, स्वतन्त्र र बहुआयामिक परराष्ट्र नीतिलाई थप सशक्त ढङ्गले अभिव्यक्त गर्ने अवसर यस भ्रमणले प्रदान गरेको छ।

व्यापार तथा लगानी विस्तार गर्ने, ऊर्जा सहकार्य सुदृढ गर्ने, पर्यटन प्रवर्द्धन गर्ने तथा कनेक्टिभिटी र जनस्तरको सम्बन्ध अझ सशक्त बनाउने विषयहरूमा ठोस आधार तयार पारेको छ। क्षेत्रीय स्थायित्व, आपूर्ति शृ ला सुरक्षा तथा ऊर्जा साझेदारी जस्ता समसामयिक अन्तरराष्ट्रिय मुद्दाहरूमा समेत धारणा आदान-प्रदान गरिएको छ।

**सम्माननीय सभामुखज्यू**

**माननीय सदस्यहरू,**

दुई देशबीचको समन्वय, सहकार्य र साझेदारीलाई अझ बलियो बनाउने कार्यका लागि दर्जनौ द्विपक्षीय संयन्त्रहरू रहेका छन् । यसमध्ये केही संयन्त्रहरू लामो समयदेखि क्रियाशील नरहेको पनि देखिन्छ । त्यस्ता संयन्त्रहरूको नियमित बैठकले नेपाल-भारतबीच रहेका सम्भावना र सहकार्यका विषयमा छलफल गरी दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छन्। नेपाल र भारतबीच विभिन्न क्षेत्रमा काम गर्ने गरी स्थापना गरिएका ती द्विपक्षीय संयन्त्रहरूका बैठकहरू हाल सुचारु भएका छन् । म यहाँ त्यस्ता केही महत्वपूर्ण संयन्त्रहरूका आगामी बैठकहरूका बारेमा जानकारी गराउन चाहन्छुः

१. Joint Working Group (JWG) on Border Management को बैठक आगामी अगस्त २०२६ मा आयोजना हुँदैछ।

२. हाल Joint Field Survey Team (JFST) ले विगत दुई महिनादेखि विभिन्न स्थानमा काम गरिरहेको छ । यस संयन्त्रलाई दिइएको जिम्मेवारी बमोजिम सीमा स्तम्भहरूको मर्मत, हराएका स्तम्भहरूको पुनर्स्थापना र पुनः निर्माण गर्ने कार्य अगाडि बढेका छन्। हाल चारवटा छुट्टाछुट्टै टोली गठन भई नेपाल-भारत सीमाका विभिन्न क्षेत्रमा काम भइरहेको छ। यी संयुक्त टोलीहरूले ल्य ः बल'क ीबलम को अतिक्रमण र Cross Border Occupation को लगत तयार पार्ने काम गरिरहेका छन्।

३. Survey OfficialsÚ Committee (SOC) को आगामी बैठक अगष्ट २०२६ मा आयोजना हुँदैछ। यसमा नापी विभागका उपमहानिर्देशकको नेतृत्वमा उक्त विभागको प्राविधिक टोलीलगायत परराष्ट्र, गृह र सशस्त्र प्रहरी बलका प्रतिनिधिहरूको सहभागिता रहने छ। भारतीय पक्षतर्फ पनि सोहीबमोजिमको प्रतिनिधित्व हुने गरेको छ।

४. यसैगरी हालै सम्पन्न केही महत्वपूर्ण बैठकहरूमाः

क) ३० अप्रिल र ०१ मे २०२६ मा Joint Commission on Koshi and Gandak Project (JCKGP) को बैठक काठमाडौँमा सम्पन्न भएको छ । चार वर्षको अन्तरालमा आयोजित यस महत्वपूर्ण बैठकमा उक्त परियोजना क्षेत्रमा देखापरेका समस्या अध्ययन गरी तिनको समाधान गर्ने विषयमा छलफल भई कार्य अगाडि बढेको छ।

ख) ०२ मे २०२६ मा Nepal–India Joint Team on Flood Forecasting Activities on Rivers Common to Nepal and India को बैठक काठमाडौँमा सम्पन्न भएको छ। मनसुनको समयमा हुने विपद् एवम् धनजनको क्षति न्यूनीकरण गर्नको लागि Early Warning System लाई थप चुस्त बनाउने दिशामा लिन सकिने कदमहरूका सम्बन्धमा छलफल भइ सहकार्य अगाडि बढेको छ।

ग) ७-८ मे २०२६ मा Joint Technical Team on Cooperation on the Power Sector (JTT) को बैठक नयाँ दिल्लीमा सम्पन्न भएको छ।

उक्त बैठकमा नेपाल-भारतबीच विद्युत् व्यापारका निमित्त आवश्यक अन्तर-देशीय प्रसारण लाइन विस्तार गर्ने विषयमा विस्तृत छलफल भएको छ।

५. यससँगै अन्य क्षेत्रमा रहेका हाम्रो द्विपक्षीय संयन्त्रहरूका बैठक पनि आयोजना हुँदैछन् । यसबाट नेपाल-भारतबीचको बहुआयामिक सम्बन्ध अझ घनिभूत र प्रगाढ बन्दै जाने अपेक्षा छ।

**सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन र नेपाल-भारत सीमाको विषय**

**सम्माननीय सभामुखज्यू**

**माननीय सदस्यहरू,**

अब म सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन र नेपाल-भारत सीमाको विषयमा केही उल्लेख गर्न चाहन्छु।

सम्माननीय प्रधामन्त्रीज्यूले २०८३ जेठ १७ गते सङ्घीय संसद्को प्रतिनिधिसभामा प्रश्नोत्तरका क्रममा नेपालको सीमाका विषय उल्लेख गर्दै द्विपक्षीय वार्ताद्वारा समस्या समाधानमा सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो । सम्माननीयज्यूबाट प्रस्तुत धारणाका सम्बन्धमा परराष्ट्र मन्त्रालयले सोही दिन विस्तृत जानकारी पनि उपलब्ध गराइसकेको छ।

नेपाली भूमि लिपुलेक क्षेत्र हुँदै भारतले मानसरोवर तीर्थयात्रा मार्ग सञ्चालनमा ल्याएको विषयमा समेत नेपाल सरकारको आधिकारिक धारणा परराष्ट्र मन्त्रालयले २०८३ वैशाख २० मा स्पष्ट पारिसकेको छ।

यस विषयमा नेपालले पठाएको कूटनीतिक नोटको जवाफ भारत सरकारबाट पनि कूटनीतिक नोटमार्फत नै प्राप्त भएको छ। दुवै देशले सीमासम्बन्धी विवादहरूलाई कूटनीतिक माध्यम र आपसी छलफलबाट समाधान गर्न प्रतिबद्धता व्यक्त गरेका छन्।

यहाँहरूलाई थाहै छ नेपाल र भारतबीच सदियौँ पुरानो र खुला सिमाना रहेको छ। हालको नेपाल-भारत अन्तरराष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिद्वारा स्थापित र निर्देशित छ । नेपाल भारत सिमानाअन्तर्गत सुस्ता र लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रमा नक्साङ्कन हुन बाँकी रहेको छ । ती स्थानबाहेक अन्य केही स्थानहरूमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्याहरू विद्यमान छन्।

सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा उल्लेख गर्नुभएको विषय मूलतः दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' सँग सम्बन्धित छ। नेपाल-भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमा Fixed Boundary Principle अवलम्बन गरिएकोले 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भू-भागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था रहेको छ।

नेपाल र भारतबीच रहेको लामो सिमानालाई व्यवस्थित र वैज्ञानिक ढङ्गले नक्साङ्कन भएका क्षेत्रमा सीमा स्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण तथा 'क्रस बोर्डर अकुपेसन' को लगत सङ्कलन गर्न दुई देशका सीमासम्बन्धी संयन्त्र र प्राविधिक टोलीहरू क्रियाशील छन् । लामो समयदेखि अवरुद्ध रहेको प्राविधिक समितिको काम हाल सीमा क्षेत्रमा क्रियाशील छ र संयुक्त रूपमा लगत सङ्कलन गर्ने कार्य भइरहेको छ।

नेपाल-भारत सीमाका के कति स्थानमा No manÚs land encroachment / Cross–Border Occupation रहेको छ भन्ने विषयमा सीमासम्बन्धी Nepal–India Boundary Working Group (BWG) र अन्य संयन्त्रहरूले Mapping को कार्य गरिरहेका छन् । यस विषयमा विस्तृत विवरण पछि प्राप्त हुनेछ।

प्राविधिक समितिको अध्ययनले कतिपय स्थानहरूमा हाल नेपालको उपयोग र उपभोगमा रहेको जग्गा भारततर्फ पर्न सक्ने र हाल भारतको उपभोग र उपयोगमा रहेको जग्गा नेपालतर्फ पर्न सक्ने देखाएको छ । आ-आफ्नो उपभोगमा रहेको जग्गाको दाबी दुवै पक्षले गर्ने गरेका छन् । सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा राख्नुभएको भनाइको सन्दर्भ यही प्राविधिक यथार्थ र 'क्रस बोर्डर अकुपेसन' सँग जोडिएको छ।

यसमा मूल प्रश्न भनेको सीमासम्बन्धी विषयको कसरी निरूपण गर्ने भन्ने नै हो । तसर्थ, नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप, ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा कूटनीतिक वार्ताको माध्यमबाट यस विषयको समाधान गर्न हामी सधैँ प्रतिबद्ध छौँ।

**नेपाल-भारत दुई देशको सीमा सम्बन्धमा तेस्रो पक्षको विषय**

सम्माननीय प्रधानमन्त्रीज्यूले २०८३ जेठ १७ गते सङ्घीय संसद्मा नेपालको सीमासम्बन्धी विषयमा जवाफ दिने क्रममा नेपालको सीमाङ्कन सन् १८१६ को सुगौली सन्धिसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएकाले मित्रराष्ट्र संयुक्त अधिराज्यको नाम उल्लेख गर्नुभएको हो।

यसमा तेस्रो पक्षको मध्यस्थता हामीले खोजेका होइनौँ, खाली तत्कालीन अवस्थाका थप सन्दर्भ सामाग्री केही भए ती स्वाभाविक रूपमा समस्या समाधानमा सहयोगी हुन सक्ने हुनाले आवश्यक परेमा त्यसको उपयोग गर्ने विषयलाई सम्माननीयज्यूले इङ्गित गर्नुभएको हो।

म यस सम्मानित सदनमा के स्पष्ट पार्न चाहन्छु भने नेपाल-भारत सीमा द्विपक्षीय विषय हो र नेपाल तथा भारतबीच रहेको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा यस समस्याको समाधान कूटनीतिक संवाद र वार्तामार्फत गर्न नेपाल सधैँ प्रतिबद्ध छ।

अन्त्यमा, सरकार गठन भएपश्चात हामीले राष्ट्रिय हित केन्द्रित परराष्ट्र नीति र अन्तरराष्ट्रिय सम्बन्धलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौँ । उच्चस्तरीय भ्रमणहरूका माध्यमबाट द्विपक्षीय सम्बन्धहरू प्रगाढ बनाउँदै जाने र मित्र राष्ट्रहरूसँगका हाम्रा द्विपक्षीय संयन्त्रहरूलाई क्रियाशील बनाउँदै राष्ट्र हित र आर्थिक कूटनीतिलाई प्रबर्द्धन गर्ने दिशामा सरकार गठन भएको यो छोटो समयमै महत्वपूर्ण कदमहरू लिइएको छ।

हालै सम्पन्न भारत भ्रमण र निकट भविष्यमा हुने अन्य मित्रराष्ट्रका भ्रमण र द्विपक्षीय संवाद यसका उदाहरणहरू हुन् । विभिन्न मुलुकसँगका हाम्रो द्विपक्षीय संयन्त्रहरू पनि सक्रिय हुन थालेका छन्। राष्ट्र हितलाई केन्द्रमा राखी यी सबै विषयहरूलाई हामीले निरन्तरता दिने र प्राप्त उपलब्धिलगायत विषयमा यस सम्मानित सदनलाई जानकारी गराउने प्रतिबद्धता व्यक्त गर्दछु।

*धन्यवाद।*

# बजेटको सूचना चुहावट भएको प्रचारमा सत्यता छैनः अर्थमन्त्री वाग्ले



काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले संसद्मा बजेट पेस हुनुपूर्व सूचना चुहावट भई अनियमितता भएको भन्ने प्रचारमा सत्यता नभएको बताउनुभएको छ।

प्रतिनिधिसभा, अर्थ समितिको बुधबारको बैठकमा आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान (बजेट) का मुख्यमुख्य व्यवस्थाका सम्बन्धमा जवाफ दिँदै उहाँले प्रस्तावित करका दरबारे सूचना चुहावट भएर जेठ १४ गते बिवाइडी गाडी भित्रिएको भनेर आफूमाथि लगाइएको आरोप निराधार भएको स्पष्ट गर्नुभयो।

मन्त्री डा वाग्लेले आफूविरुद्ध सङ्गठित रूपमा अफवाह फैलाइएको जिकिर गर्दै बजेट वक्तव्यमा समावेश भएका एकाध बुँदा आर्थिक विधेयकमा छुटेकाले संशोधन गरिएको स्पष्ट गर्नुभयो। प्रधानमन्त्री र अर्थमन्त्रीलाई विवादित बनाउने गलत मनसायले तथ्य र प्रमाणबिना अनावश्यक चर्चा गराइएको उहाँको भनाइ थियो।

"देखिएका त्रुटि सच्च्याएर सार्वभौम सांसदको हातमा विधेयक पारेपछि कुनै परिवर्तन गरिएको छैन। प्रतिनिधिसभा अवरोध गरेर बजेट र मबारे सङ्गठित रूपमा अफवाह फैलाइयो, बदनाम गर्न खोजियो", अर्थमन्त्री डा वाग्लेले भन्नुभयो, "सुशासनका लागि निर्मम रूपमा अघि बढेको सरकारविरुद्ध यस्ता हिलो छ्यापेर छवि धुमिल्याउन सकिन्छ भनेर गरिएका प्रहारको भ्रममा सांसदहरू पर्नु हुँदैन।"


क.र.का.दर्ता नं. : ९६८६७/०६९/०७०

**महुली लघुवित्त वित्तीय संस्था लिमिटेड**

**MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

रजिष्टर्ड कार्यालयः अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी, फोन नं.: ०३१-४११००५

Email : info@mslbsl.com.np, Web : www.mslbsl.com.np

**ऋण कर्जा चुक्ता/भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८३/०२/२८ गते

यस लघुवित्त वित्तीय संस्थाबाट चल-अचल सम्पत्ति सुरक्षण वापत् धितो राखी तथा सामुहिक जमानतमा तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

| शाखाको नाम | बिवरण | नाम | नागरिकता न. | नागरिकता जारी मिती र जारी जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पति/बुवा | ससुरा/बाजे |
|---|---|---|---|---|---|---|---|---|
| माधोपुर, रौतहट | ऋणीको बिवरण | **रेखा कुमारी** | ३२-०६-७६-०१७१४ | २०७८।०६।३०, रौतहट | गढीमाई ना.पा-६, रौतहट | गढीमाई ना.पा-६, रौतहट | दिलिप ठाकुर | रामएकवाल ठाकुर |
| | जमानतकर्ताको बिवरण | दिलिप ठाकुर | ३२-०१-७१-०१०३६ | २०७१।०२।१९, रौतहट | गढीमाई ना.पा-६, रौतहट | गढीमाई ना.पा-६, रौतहट | बुवाः रामएकवाल ठाकुर | |
| | ऋणीको बिवरण | **प्रमिला कुमारी देवी** | ३२३०८७-८५ | २०७०।०१।२७, रौतहट | धर्मपुर गा.वि.स-६, रौतहट | गढीमाई न.पा-६, रौतहट | शम्भु ठाकुर लोहार | रामएकवाल ठाकुर |
| | जमानतकर्ताको बिवरण | विजय महरा | ३२१०८७-९४४ | २०६८।०५।०८, रौतहट | धर्मपुर गा. वि. स-६, रौतहट | गढीमाई न. पा -६, रौतहट | नन्दलाल महरा | |
| | ऋणीको बिवरण | **अजय कुमार साह** | ३२३०१६/२० | २०६३।१०।०९ ,रौतहट | भलोहिया गा.वि.स-१, रौतहट | दुर्गाभगवती गा.पा-२, रौतहट | बुवाः प्रेम शंकर साह | |
| | जमानतकर्ताको बिवरण | पुजा कुमारी | ३२-०१-७०-०२९९२ | २०७०।०५।२३,रौतहट | गौर न.पा-१, रौतहट | दुर्गाभगवती गा.पा-२, रौतहट | बुवाः प्रेम कु. सोनार | |
| | ऋणीको बिवरण | **दिपेन्द्र कुमार महतो** | १००९/३६१० | २०६६।१२।३०, रौतहट | माधोपुर गा.वि.स-४, रौतहट | माधवनारायण न.पा-६, रौतहट | बुवाः कामेश्वर प्र. महतो | |
| | जमानतकर्ताको बिवरण | उर्मिला देवी सुडी | २२६२९ | २०३६।२।३, रौतहट | माधोपुर गा.वि.स-४, रौतहट | माधवनारायण न.पा-६, रौतहट | पतिः कामेश्वर प्र. महतो | |
| | ऋणीको बिवरण | **दया कुमारी देवी** | १२८२ | २०५८।०५।२८, रौतहट | मिठुअवा गा.वि.स-८, रौतहट | माधवनारायण न.पा-५, रौतहट | रुपलाल सहनी | मखन सहनी |
| | जमानतकर्ताको बिवरण | रुपलाल सहनी | ५७५ | २०४४।११।१९, रौतहट | मिठुअवा गा.वि.स-८, रौतहट | माधवनारायण न.पा-५, रौतहट | मखन सहनी | |

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

# पाकिस्तानी हवाई आक्रमणमा १३ सर्वसाधारणको मृत्यु

एएनआई

काबुल । अफगानिस्तानको तालिबान सरकारले पाकिस्तानले अफगान हवाई क्षेत्र उल्लङ्घन गरी गरेको पछिल्लो हवाई आक्रमणमा कम्तीमा १३ सर्वसाधारणको मृत्यु भएको र १४ जना घाइते भएको जनाएको छ । तालिबानका अनुसार आक्रमणले दुई देशबीचको तनावलाई थप चर्काएको छ र सीमावर्ती क्षेत्रमा असुरक्षाको अवस्था गम्भीर बनेको छ ।



तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले मङ्गलबार राति र बुधबार बिहानको बीचमा पाकिस्तानले कुनार, खोस्त र पक्तिका प्रान्तका बस्तीहरूलाई लक्षित गरी बमबारी गरेको बताउनुभयो । उहाँका अनुसार उक्त आक्रमणमा ११ बालबालिका, एक महिला र एक वृद्ध पुरुषको मृत्यु भएको छ ।

मुजाहिदले आक्रमणका क्रममा १४ जना महिला घाइते भएको जानकारी दिँदै घटनापछिका तस्बिरसमेत सार्वजनिक गर्नुभयो । तालिबानले यसलाई अफगानिस्तानको सार्वभौमसत्तामाथिको प्रत्यक्ष उल्लङ्घन र नागरिकमाथिको आक्रमणका रूपमा व्याख्या गरेको छ ।

अफगान अधिकारीहरूका अनुसार पछिल्लो एक वर्षयता अफगान भूमिमा भएका पाकिस्तानी सैन्य कारबाहीका कारण सयौँ व्यक्तिको ज्यान गइसकेको छ । सीमापार तनाव बढ्दै जाँदा दुवै देशबीचको सम्बन्ध लगातार बिग्रँदै गएको बताइएको छ ।

मार्च महिनामा भएको एक ठूलो आक्रमणमा पाकिस्तानी सेनाले काबुलस्थित पुनर्वास केन्द्रलाई निशाना बनाएको दाबी गरिएको छ । तालिबानका अनुसार उक्त घटनामा कम्तीमा २६९ जनाको मृत्यु भएको थियो । त्यसयता सीमावर्ती क्षेत्रमा बारम्बार सैन्य कारबाही भइरहेका छन् ।

अक्टोबर २०२५ मा इस्लामाबादले राजधानी काबुलसहित अफगानिस्तानका विभिन्न क्षेत्रमा व्यापक हवाई आक्रमण गरेपछि दुई देशबीचको लामो समयदेखिको तनाव खुला सीमापार द्वन्द्वतर्फ उन्मुख भएको विश्लेषण गरिएको छ । निरन्तर आक्रमण र झडपका कारण दशौँ हजार अफगान नागरिक विस्थापित भएका छन् भने धेरै परिवार घरबार छोड्न बाध्य भएका छन् ।

तालिबानले पाकिस्तानले आफ्ना आन्तरिक सुरक्षा चुनौतीहरूलाई आधार बनाएर अफगान क्षेत्रमा बारम्बार सैन्य हस्तक्षेप गरिरहेको आरोप लगाएको छ । पाकिस्तानले भने तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) र बलुचिस्तान लिबरेसन आर्मी (बिएलए) जस्ता समूहलाई अफगान भूमिबाट सहयोग मिलिरहेको दाबी गर्दै आएको छ ।

इस्लामाबादले तालिबानमाथि ती समूहहरूलाई आश्रय दिएको आरोप दोहोऱ्याउँदै आएको भए पनि तालिबानले त्यस्ता आरोप अस्वीकार गर्दै आएको छ । तालिबानको भनाइमा पाकिस्तानले आफ्ना सुरक्षा कमजोरीको जिम्मेवारीबाट बच्न अप्रमाणित आरोप लगाउने गरेको छ ।

विश्लेषकहरूका अनुसार सन् २०२१ मा तालिबान पुनः सत्तामा फर्किएपछि सुरुमा अपेक्षा गरिएको निकट सम्बन्ध टिक्न सकेन । दशकौँसम्म तालिबानको प्रमुख समर्थकमध्ये एक मानिएको पाकिस्तान र अफगानिस्तानबीच अहिले अविश्वास बढ्दै गएको छ । पछिल्ला घटनाक्रमहरूले दुई छिमेकी देशबीचको सम्बन्ध थप जटिल र तनावपूर्ण बन्दै गएको सङ्केत गरेका छन् ।

# विश्वकपअघि भिसा विवाद

एएफपी

वासिङ्टन । आगामी विश्वकप फुटबल प्रतियोगिताको तयारी भइरहेका बेला संयुक्त राज्य अमेरिकाले केही विदेशी अधिकारीलाई भिसा नदिएको विषय विवादको केन्द्रमा पुगेको छ । ह्वाइट हाउसको विश्वकप टास्क फोर्सले भने सुरक्षा कारण देखाउँदै सोमाली रेफ्री र इरानी टोलीका केही सहयोगी कर्मचारीलाई प्रवेश अनुमति नदिने निर्णय उचित भएको स्पष्ट पारेको छ ।



विश्वकपसम्बन्धी ह्वाइट हाउस टास्क फोर्सका कार्यकारी निर्देशक एन्ड्र्यु गियुलियानीले मङ्गलबार वासिङ्टनमा आयोजित एटलान्टिक काउन्सिलको कार्यक्रममा अहिलेसम्म ३५ वटा राष्ट्रिय टोली सफलतापूर्वक अमेरिका प्रवेश गरिसकेको जानकारी दिनुभयो । उहाँले कुनै पनि खेलाडी वा प्रशिक्षकलाई प्रवेशबाट रोकिएको नभएको उल्लेख गर्दै केही अधिकारीलाई मात्र विशेष सुरक्षा कारणका आधारमा भिसा अस्वीकार गरिएको बताउनुभयो ।

गियुलियानीका अनुसार विश्वकपजस्तो अन्तर्राष्ट्रिय प्रतियोगिताको अवसरलाई दुरुपयोग गरेर अमेरिका प्रवेश गर्ने सम्भावित जोखिम रोक्न प्रशासनले कडा सतर्कता अपनाएको छ । उहाँले सुरक्षा र खेलकुदबीच आवश्यक सन्तुलन कायम गरिएको बताउनुभयो ।

अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले एएफपीसँगको कुराकानीमा सोमाली रेफ्री ओमार आर्टानलाई भिसा नदिइएको पुष्टि गर्दै उहाँमाथि आतङ्कवादी सङ्गठनसँग सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क रहेको आशङ्का रहेको दाबी गर्नुभयो । यही कारणले उहाँ अमेरिकी अध्यागमन नियमअनुसार प्रवेशका लागि अयोग्य ठहरिनुभएको अधिकारीको भनाइ थियो ।

सन् २०२५ मा अफ्रिकी फुटबल महासङ्घले वर्षको उत्कृष्ट पुरुष रेफ्री घोषणा गरेका आर्टान विश्वकपमा रेफ्री गर्ने पहिलो सोमाली बन्ने अपेक्षा गरिएको थियो । तर उहाँलाई अमेरिका पुगेपछि मियामी विमानस्थलबाटै फर्काइएको थियो ।

सोमालिया हाल राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले लागू गरेको यात्रा प्रतिबन्ध सूचीमा समावेश देशमध्ये एक हो । ट्रम्प प्रशासनले यो नीतिलाई व्यापक आप्रवासन नियन्त्रण अभियानको हिस्सा बताउँदै आएको छ ।

यसैबीच, संयुक्त राज्य अमेरिकासँग जारी तनाव र सैन्य द्वन्द्वका कारण इरानले आफ्नो विश्वकप तयारीको आधार शिविर अमेरिका नभई मेक्सिकोमा सार्नुपरेको छ । इरानी फुटबल महासङ्घले समर्थकहरूका लागि छुट्याइएको टिकट कोटा रद्द गरिएको तथा टोलीका केही सहयोगी कर्मचारीले भिसा नपाएको जनाएको छ ।

गियुलियानीले भने सबै इरानी प्रशिक्षक र कोचिङ स्टाफलाई प्रवेश अनुमति दिइएको बताउनुभयो । यद्यपि केही इरानी अधिकारीलाई सुरक्षा मूल्याङ्कनका आधारमा अनुमति नदिइएको उहाँले बताउनुभयो । उहाँले ती व्यक्तिबारे विस्तृत जानकारी दिन अस्वीकार गर्दै आफूलाई प्रशिक्षक बताउने केही व्यक्तिको वास्तविक भूमिका फरक हुन सक्ने आशङ्का रहेको सङ्केत गर्नुभयो ।

उहाँका अनुसार राष्ट्रपति ट्रम्पले प्रतियोगितामा सहभागी सबै टोलीका लागि समान अवसर सुनिश्चित गर्न चाहनुहुन्छ । साथै, इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) सँग प्रत्यक्ष सम्बन्ध रहेका व्यक्तिले विश्वकपको अवसर प्रयोग गरेर अमेरिका प्रवेश गर्न नसकून् भन्ने विषयमा पनि प्रशासन सचेत रहेको उहाँको भनाइ थियो ।

विश्वकप सुरक्षाबारे बोल्दै गियुलियानीले हालसम्म प्रतियोगितालाई लक्षित कुनै विश्वसनीय सुरक्षा खतरा नदेखिएको बताउनुभयो । तथापि अमेरिकी गुप्तचर तथा सुरक्षा निकायको सक्रियता उल्लेखनीय रूपमा बढाइएको र प्रतियोगिताको अन्तिम खेल जुलाई १९ सम्म सुरक्षा अवस्थामाथि निरन्तर निगरानी जारी रहने उहाँले जानकारी दिनुभयो ।

# सीको उत्तर कोरिया भ्रमणपछि सम्बन्धको नयाँ खाका

एएफपी

सियोल । चिनियाँ राष्ट्रपति सी जिनपिङको प्योङ्याङ भ्रमणपछि उत्तर कोरिया र चीनले द्विपक्षीय सम्बन्धलाई थप रणनीतिक र दीर्घकालीन स्तरमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् । उत्तर कोरियाली सरकारी समाचार संस्था केसीएनएका अनुसार दुवै देशका नेताहरूले सम्बन्धको भविष्यका लागि 'दूरगामी खाका' तयार पार्दै परम्परागत मित्रतालाई अझ सुदृढ बनाउने सहमति जनाउनुभएको छ ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलगायत विश्व नेताहरूसँग बेइजिङमा उच्चस्तरीय भेटवार्ता सम्पन्न गरेलगत्तै सीले सोमबार उत्तर कोरियाको दुर्लभ भ्रमण गर्नुभएको थियो । उत्तर कोरिया र रुसबीच पछिल्लो समय असाधारण रूपमा नजिकिएको सम्बन्धका बीच भएको यो भ्रमणलाई क्षेत्रीय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ ।

केसीएनएका अनुसार सी जिनपिङ र किम जोङ उनले दुई देशबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विषयमा सन्तुष्टि व्यक्त गर्नुभएको छ । दुई दिने भ्रमणका क्रममा दुवै पक्षले क्रान्तिकारी मित्रता, राजनीतिक विश्वास र रणनीतिक सहकार्यलाई थप मजबुत बनाउने दृढता दोहोऱ्याएका छन् ।

भ्रमणका क्रममा सी र किमले वर्कर्स पार्टीको केन्द्रीय क्याडर प्रशिक्षण विद्यालयको संयुक्त अवलोकन गर्नुभएको थियो । त्यहाँ उहाँहरूले पार्टी नेतृत्व विकास र राजनीतिक प्रशिक्षणबारे छलफल गर्नुभएको केसीएनएले जनाएको छ । त्यसपछि दुवै नेताले कोरियाली युद्धमा ज्यान गुमाएका चिनियाँ सैनिकहरूको सम्मानमा निर्माण गरिएको मैत्री स्मारक परिसरमा वृक्षरोपण गर्नुभएको थियो ।

सीलाई प्योङ्याङमा विशेष सम्मानसहित स्वागत गरिएको थियो । उहाँ आफ्नी पत्नी तथा वरिष्ठ सरकारी प्रतिनिधिमण्डलसहित उत्तर कोरिया पुग्नुभएको थियो । भ्रमण सम्पन्न भएपछि किमलाई पठाएको सन्देशमा सीले दुवै पक्षले साझा चासोका विषयमा गहन विचार आदानप्रदान गरी महत्त्वपूर्ण समझदारी हासिल गरेको उल्लेख गर्नुभएको छ ।

सीका अनुसार यो सहमतिले परम्परागत मित्रतालाई नयाँ ऊर्जा दिने, साझा विकास र समृद्धिलाई प्रोत्साहन गर्ने तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति तथा स्थिरताको संरक्षण गर्ने दुवै देशको प्रतिबद्धता झल्काउँछ ।

चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वाले पनि सी र किमबीच नयाँ युगअनुसार चीन-उत्तर कोरिया सम्बन्ध विकास गर्ने विषयमा महत्त्वपूर्ण सहमति भएको जनाएको छ । बेइजिङका सरकारी सञ्चारमाध्यमका अनुसार सीले कूटनीतिक, सुरक्षा, कानून कार्यान्वयन तथा सैन्य सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

विश्लेषकहरूका अनुसार सैन्य सहकार्यलाई प्राथमिकता दिनुको उद्देश्य उत्तर कोरियाली सेनाभित्र भइरहेका प्राविधिक परिवर्तन तथा रुससँगको बढ्दो सैन्य सम्बन्धको प्रत्यक्ष मूल्याङ्कन गर्नु पनि हुन सक्छ । दक्षिण कोरियास्थित कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनले चीनले उत्तर कोरियाभित्र रुससमर्थक र चीनसमर्थक प्रभावको अवस्थाबारे थप जानकारी सङ्कलन गर्न खोजेको हुन सक्ने बताउनुभएको छ ।

यस भ्रमणको अर्को महत्त्वपूर्ण पक्ष भने उत्तर कोरियाको आणविक कार्यक्रमबारे सार्वजनिक मौनता रह्यो । गत महिना ट्रम्पसँगको वार्तापछि ह्वाइट हाउसले उत्तर कोरियाको आणविक निशस्त्रीकरण दुवै पक्षको साझा लक्ष्य भएको जनाएको थियो ।

# प्रदर्शनकारीद्वारा मेक्सिको विश्व कप स्टेडियम जाने बाटो अवरुद्ध



एएफपी

मेक्सिको सिटी । प्रदर्शनकारीहरुले विरोध प्रदर्शन गरी मेक्सिको सिटीको एजटेका स्टेडियममा पुग्ने बाटो अवरुद्ध गरेको जनाइएको छ ।

संयुक्त राज्य अमेरिका र क्यानाडाको सह-आयोजनामा हुन लागेको उद्घाटन खेल प्रतियोगितामा फुटबल प्रेमीहरुको आवागमन बढ्दा मेक्सिको राजधानीमा विरोध भई रहेको जनाइएको छ।

मङ्गलबारको विरोध प्रदर्शनमा हजारौंले भाग लिएका थिए, एक हप्ताको प्रदर्शन पछि सि. एन. टि. इ. शिक्षक सङ्घबाट अलग भएको समूहले प्रदर्शनको नेतृत्व लिएको जनाइएको छ ।

प्रदर्शनकारीहरूलाई बिहीबार विश्वकपको उद्घाटन खेल आयोजना गरिएको एजटेका स्टेडियममा पुग्नबाट प्रहरीले रोकेको जनाइएको छ ।

हजारौं प्रहरी अधिकारीहरू तैनाथ गरी स्टेडियम वरवरको क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाए पछि तीन घण्टाको सडक प्रदर्शन तोडी प्रदर्शनकारीहरू तितर बितर भएको जनाइएको छ ।

मेक्सिको सिटीका सुरक्षा प्रमुख पाब्लो भाजक्वेजले विज्ञप्ति जारी गर्दै आन्दोलन शान्तिपूर्ण भएको बताउनुभएको छ ।

आन्दोलनरथ सिएनटिई शिक्षक युनियनले तलब वृद्धि र पेन्सन कानुन फिर्ता लिन माग गर्दै गत हप्ता देखि प्रदर्शन गरिरहेको जनाइएको छ ।

आन्दोलनरथ शिक्षकहरूले मेक्सिको सिटीको जोकालो स्क्वायरमा विश्वकप फ्यान जोन नजिकै शिविर पनि स्थापना गरेका छन् ।

शिक्षकहरूले बिहीबार पनि प्रदर्शनको आह्वान गरेका छन् जसमा तथाकथित "बेपत्ता" व्यक्तिहरूका परिवारहरू पनि समावेश हुने जनाइएको छ ।

मेक्सिकोले दक्षिण अफ्रिकाविरुद्ध खेल्ने खेल र उद्घाटन समारोहका लागि विश्वव्यापी तयारी पुरा भएको जनाइएको छ ।

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/२८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय चपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८३/०३/०३ गते/स्थान : शाखा कार्यालय चपुर, रौतहट**

**बोलपत्र खोलिने मिति/समय**
**२०८३/०३/०५ गते, शुक्रबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : चपुर, रौतहट | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : पुजा कुमारी चौधरी**<br>ना.प्र.नं. ३२-०१-७०-०४४५५, जि.प्र.का. रौतहट, जारी मिति : २०७०/०७/२८<br>पतिको नाम : अनिल कुमार जयसवाल, ससुराको नाम : राजेश्वर प्रसाद जैसवाल<br>ठेगाना : रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ७, हाल : धनुषा जिल्ला, सबैला न.पा. वडा नं. २ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : अनिल कुमार जयसवाल**<br>ना.प्र.नं. १७१०३३/४११, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६७/०४/०९<br>बाबुको नाम : राजेश्वर प्रसाद जैसवाल<br>बाजेको नाम : हिरालाल साह<br>ठेगाना : धनुषा जिल्ला, सबैला गा.वि.स. वडा नं. ४<br>हाल : धनुषा जिल्ला, सबैला न.पा. वडा नं. २ | **२. नाम : राजेश्वर प्रसाद जैसवाल**<br>ना.प्र.नं. ८०२६१५२१, जि.प्र.का. धनुषा<br>जारी मिति : २०३५/०५/०७<br>बाबुको नाम : हिरालाल साह<br>बाजेको नाम : किशुन साह कलवार<br>ठेगाना : धनुषा जिल्ला, सबैला गा.वि.स. वडा नं. ४<br>हाल : धनुषा जिल्ला, सबैला न.पा. वडा नं. २ |
| | **धितोको विवरण** | |
| | पुजा कुमारी चौधरीको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर न.पा. वडा नं. ४ स्थित कित्ता नं. १०९८ को क्षेत्रफल ०-५-१५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/२८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई/बैंकबाट प्रवाह भएको कर्जा व्यवसायमा नलगाई अन्यत्र लगानी गरेको पाईएकोले/नविकरणका लागी आवश्यक कागजात नबुझाएको कारणले कर्जा नविकरण गर्न नसकिई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

| ऋणीको विवरण | |
|---|---|
| दयाराम साह तेलीको नाति, रामपुकार साहको छोरा, रौतहट जिल्ला, साविक संग्रामपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **सुवास साह** (ना.प्र.नं. ०३२३०९२/३८९, जारी मिति २०६३/११/१४, जि.प्र.का. रौतहट) । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. वीसुनी साहको नाति, दयाराम साह तेलीको छोरा, रौतहट जिल्ला, साविक संग्रामपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **रामपुकार साह तेली** (ना.प्र.नं. १२०६, जारी मिति २०४५/०१/१४, जि.प्र.का. रौतहट) । | २. दयाराम साह तेलीको बुहारी, रामपुकार साह तेलीको पत्नी, रौतहट जिल्ला, साविक संग्रामपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **बतहीया कुमारी** (ना.प्र.नं. १०७८, जारी मिति २०४५/०१/१३, जि.प्र.का. रौतहट) । |
| ३. रामपुकार साह तेलीको बुहारी, सुवास साहको पत्नी, रौतहट जिल्ला, साविक संग्रामपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **अनिता देवी साह** (ना.प्र.नं. ३२३०९२/१९८, जारी मिति २०७०/०१/२२, जि.प्र.का. रौतहट) । | ४. दयाराम साह तेलीको नाति, रामपुकार साहको छोरा, रौतहट जिल्ला, साविक संगरामपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **पवन कुमार साह** (ना.प्र.नं. ३२३०९२/१९९, जारी मिति २०७०/०१/२२, जि.प्र.का. रौतहट) । |
| ५. दयाराम साह तेलीको नाति, रामपुकार साह तेलीको छोरा, रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **जितेन्द्र प्रसाद साह** (ना.प्र.नं. ३२-०६-७४-०२०६०, जारी मिति २०७४/०८/१४, जि.प्र.का. रौतहट) । | |
| **धितोको विवरण** | |
| बतहीया कुमारी (ना.प्र.नं. १०७८, जारी मिति २०४५/०१/१३, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ हाल रौतहट जिल्ला गढीमाई न.पा. वडा नं. १ स्थित कि.नं. १५२६ को क्षेत्रफल ०-१-२ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |
| **ऋणीको विवरण** | |
| रामेश्वर चौधरीको नाति, खेखन चौधरीको छोरा, रौतहट जिल्ला, साविक डुमरीया म. गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **राम अशिष चौधरी** (ना.प्र.नं. १५६४, जारी मिति २०४६/११/२३, जि.प्र.का. रौतहट) । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. खेखन चौधरीको बुहारी, राम आशिष चौधरीको पत्नी, रौतहट जिल्ला, साविक डुमरीया (म.) गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **संझा देवी** (ना.प्र.नं. ३२३०८२/१४९३, जारी मिति २०६४/०१/१२, जि.प्र.का. रौतहट) । | २. खेखन चौधरीको नाति, राम आशिष चौधरीको छोरा, रौतहट जिल्ला, साविक डुमरीया (म.) गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **मिथलेश चौधरी** (ना.प्र.नं. ३२२०८२/१३३, जारी मिति २०६८/०५/०१, जि.प्र.का. रौतहट) । |
| ३. खेखन चौधरीको नाति, राम आशिष चौधरीको छोरा, रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **लालबाबु चौधरी** (ना.प्र.नं. ३२-०२-७८-०३३९५, जारी मिति २०७८/०६/१८, जि.प्र.का. रौतहट) । | ४. राम आशिष चौधरीको बुहारी, मिथलेश चौधरीको पत्नी, रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **सरीता कुमारी चौधरी** (ना.प्र.नं. ३२-०२-७५-०४२१९, जारी मिति २०७५/१०/०७, जि.प्र.का. रौतहट) । |
| ५. खेखन चौधरीको नाति, राम आशिष चौधरीको छोरा, रौतहट जिल्ला, साविक चन्द्रपुर गा.वि.स. वडा नं. १५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बस्ने **राजु चौधरी** (ना.प्र.नं. ३२२०८०/३५६, जारी मिति २०७१/०५/०८, जि.प्र.का. रौतहट) । | |
| **धितोको विवरण** | |
| राम अशिष चौधरी (ना.प्र.नं. १५६४, जारी मिति २०४६/११/२३, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक डुमरीया (म) गा.वि.स. वडा नं. ३ हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० स्थित कि.नं. १६४७ र १६९३ को क्षेत्रफल क्रमशः ०-४-० र ०-०-४ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank

शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website : www.siddharthabank.com

# बर्डफ्लुका कारण साढे पाँच लाख कुखुरा नष्ट



कीर्तिपुर । पछिल्ला केही हप्तायतादेखि बर्डफ्लु सङ्क्रमणका कारण कुखुरा र अण्डा नष्ट गर्ने क्रम बढेको छ। हालसम्म पाँच लाख ५३ हजार ७५० कुखुरा नष्ट गरिएका छन् । यस क्रममा पीडित किसानलाई राहत रकम उपलब्ध गराउने निर्णय गरिएको छ।

रोग नियन्त्रणमा खटिएको पशुसेवा विभागको टोलीले दिएको जानकारीअनुसार प्रभावित १० जिल्लामा ७२ फार्मका लेयर्स कुखुरा र स्थानीय जातका कुखुरा नष्ट गरिएका छन् । सरकारको निर्देशनअनुसार खटिएको 'द्रुत कार्य टोली'ले कुखुरासँगै १० लाख ९०० अण्डा र दुई लाख पाँच हजार किलो कुखुराको दाना पनि नष्ट गरेको पशुसेवा विभागका वरिष्ठ पशुचिकित्सक डा नवराज श्रेष्ठले जानकारी दिनुभयो।

**पीडित किसानलाई ४२ करोड राहत**

सरकारले बर्डफ्लुका कारण कुखुरा तथा अन्य उत्पादन गुमाउन बाध्य किसानलाई करिब रु ४२ करोड राहत दिने भएको छ। वरिष्ठ पशुचिकित्सक डा श्रेष्ठका अनुसार रोग पुष्टि भई कुखुरा, अन्डा तथा दाना नष्ट गर्न बाध्य भएकाले ती किसानलाई उक्त राहत दिन लागिएको हो।

बर्डफ्लु नियन्त्रण नियमावली २०७८ अनुसार यसरी पक्षीजन्य उत्पादन नष्ट गरिएका किसानलाई लागत मूल्यको ७५ प्रतिशत राहत दिने व्यवस्था गरिएको छ । यसबाहेक प्रभावित क्षेत्रको सम्पूर्ण पक्षीजन्य उत्पादन नष्ट भएको करिब दुई महिनापछि मात्रै व्यवसाय पुनःसुरु गर्न पाउने व्यवस्थाले किसानले थप क्षति व्यहोर्नुपर्ने हुन्छ।

पशुसेवा विभागका महानिर्देशक डा उमेश दाहालका अनुसार द्रुत कार्य टोलीले तोकिएको ढाँचामा सङ्कलन गरेको क्षति विवरणका आधारमा किसानलाई दिनुपर्ने रकम निर्धारण गरिन्छ । विवरणमा टोली र किसानको हस्ताक्षर हुन्छ। लागत मूल्य जिल्लाअनुसार फरक पर्नसक्ने भएकाले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलगायत उच्च पदाधिकारीको बैठकले निर्णय गर्ने गरिएको जानकारी महानिर्देशक डा दाहालले बताउनुभयो।

केही महिनायता काठमाडौं उपत्यकासहित १० जिल्ला बर्डफ्लुबाट प्रभावित छन् । महानिर्देशक डा दाहालका अनुसार केही साताअघि झापा, मोरङ र सुनसरी जिल्लामा देखिएको बर्डफ्लु पछि महोत्तरी, बारा, चितवन हुँदै पछि पछिल्लो समय काठमाडौं उपत्यकामा देखिएको हो।

वरिष्ठ पशुचिकित्सक डा श्रेष्ठले यसको उपचार नभएकाले र प्रभावित ठाउँका पक्षीलाई नष्ट गर्नु तथा रोग देखिनासाथ जतिसक्दो छिटो नियन्त्रण गरेर फैलन नदिनु रोकथामको एउटा मात्र उपाय हो। प्रभावित क्षेत्रका पक्षी, अण्डा र दाना नष्ट गर्नुको कुनै विकल्प नभएको उहाँको भनाइ छ।

उक्त कार्यका लागि पशु चिकित्सक निरन्तर खटिएका छन् । पछिल्लो समय काठमाडौं उपत्यका बर्डफ्लुको 'हटस्पट'को रुपमा देखापरेको छ। रासस

# चितवनका किसानले पाएनन् चैते धानको न्यूनतम समर्थन मूल्य



चितवन। यहाँका किसानले राज्यले तोकेका चैते धानको समर्थन मूल्य पाउन सकेका छैनन् ।

साना किसान कृषि सहकारी संस्था लि का अध्यक्ष रामशरण पाठकले एक हजार हेक्टर क्षेत्रफलमा लगाइएको धानले समर्थन मूल्य पाउन नसकेको बताउनुभयो।

पूर्वी चितवनको खैरहनी नगरपालिकामा रहेको साना किसान कृषि सहकारी संस्था लि का अधिकांश किसानले समर्थन मूल्य नपाएका हुन् । समर्थन मूल्यसमेत नपाएपछि भने किसान दुःखी भएका छन् । भरतपुर महानगरपालिका-२८, राप्ती कृषि तथा पशुपालन समूहका सचिव रञ्जीत पौडेलले किसानले समर्थन मूल्य नपाउँदा किसान निरासा भएको बताउनुहुन्छ।

जिल्लामा चैते ५, हर्दिनाथ १, पिआर, टाइचिन जातका चैते धान खेती गरिएको थियो।

भरतपुर महानगरपालिका वडा नं २८ मा रहेको राप्ती कृषि तथा पशुपालन समूहका सचिव रञ्जीत पौडेल समर्थन मूल्य नपाउँदा किसानलाई मर्का परेको बताउनुहुन्छ।

कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले चैते धानको समर्थन मूल्य तोक्न सरकारले ढिलाइ गरेको बताउनुहुन्छ। यस वर्ष चितवनमा नौ हजार हेक्टर क्षेत्रफलमा चैते धान लगाइएको छ। रासस

# सूचीकरण प्रणालीमा २५ लाख किसान आबद्ध




काठमाण्डु । कृषि, वन तथा पर्यावरण मन्त्रालयको किसान सूचीकरण प्रणालीमा देशभरका करिब २५ लाख किसान आबद्ध भएका छन् ।

किसानलाई जमिनको विवरण र खेती उत्पादनका आधारमा सूचीकरण गरिएको हो । उत्पादन वृद्धि गर्न आवश्यक सहुलियत तथा सुविधा दिने उद्देश्यले किसानलाई विद्युतीय प्रणालीमार्फत सूचीकृत गरिएको कृषि सूचना केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिनुभयो।

कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजारको सङ्ख्या रहेकाले बाँकी १६ लाखभन्दा बढी किसानलाई पनि सूचीकृत गर्ने कार्य भइरहेको उहाँले बताउनुभयो।

"सबै किसानलाई सूचीबद्ध गरेपछि निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चार प्रकारमा मन्त्रालयले वर्गीकरण गर्ने योजना बनाएको छ", उहाँले भन्नुभयो,"वर्गीकरणपश्चात परिचयपत्र वितरण, विद्युतीय सूचना प्रणालीमा जोड्नेलगायत कार्यक्रम गरिनेछ । परिचयपत्रका आधारमा सरकारले अनुदानसहित रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधासहित उपलब्ध गराउन सहज हुनेछ।"

देशभर स्थानीय तहसँग समन्वय गरी किसानका सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको हो। केन्द्रले यस कार्यक्रममा आफ्नो नाम दर्ता गराउन किसानलाई आह्वानसमेत गरेको छ। रासस

# वसन्त ऋतुको हिमाल आरोहण मैझारो, एक अर्ब २६ करोड राजस्व सङ्कलन



काठमाण्डु । सन् २०२६ को वसन्त ऋतुमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित विभिन्न हिमाल आरोहण गर्ने काम मैझारो (सम्पन्न) भएको छ। सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि यस वर्ष एक हजार १९५ स्वदेशी तथा विदेशी आरोहीले अनुमति लिएका थिए।

पर्यटन विभागले छ हजार ५०० मिटरभन्दा बढी उचाइ भएका हिमाल आरोहणका लागि आरोहीलाई अनुमति प्रदान गर्दै आइरहेको छ । त्यसभन्दा सानो हिमाललाई नेपाल पर्वतारोहण सङ्घ (एनएमए)ले अनुमति दिँदै आएको छ।

यस वर्ष आरोहणका लागि अनुमति लिनेमा सबैभन्दा धेरै चीनका एक सय ५९, अमेरिकाका एक सय ५२, भारतका एक सय एक, जर्मनीका ७५, बेलायतका ७४, रसियाका ७०, नेपालका ४४, क्यानडाका ४१, पोल्यान्डका ३२, फ्रान्सका २७ जना रहेका छन्।

पर्यटन बोर्डका सूचना अधिकारी हिमाल गौतमले यस वर्ष ३१ वटा हिमाल चढ्नका लागि एक हजार १९५ आरोहीले अनुमति लिएकामा सगरमाथा आरोहण अनुमति लिने चार सय ९५ रहेको जानकारी दिनुभयो।

सगरमाथा आरोहण अनुमति लिनेमा ५६ देशका तीन सय ९० पुरुष र एक सय पाँच महिला रहेका थिए। अनुमति लिएका आरोहीबाहेक आरोहीका सहयोगी तथा 'गाइड' गरी करिब एक हजारभन्दा बढीले सगरमाथाको सफल आरोहण गरेको उहाँले बताउनुभयो । यस वर्ष सगरमाथामा सबैभन्दा धेरै १०९ जना छिमेकी मुलुक चीनका आरोही पुगेका छन्। यसबाहेक अमेरिकाका ७७, भारतका ६१, बेलायतका ३२, रसियाका १८, अष्ट्रेलियाका १५, जापानका १४, क्यानडाका १२, नेपालका १२, आयरल्यान्डका ११ आरोही पुगेका छन्।

यस वर्ष सगरमाथाको चुचुरोमा ३२औँ पटक पुगेर कामिरीता शेर्पाले विश्व कीर्तिमान कायम गर्नुभएको छ। सोलुखुम्बुका शेर्पा गत जेठ ३ गते सगरमाथा चुचुरोमा पुगेर आफ्नो रेकर्ड तोड्नुभएको हो। यस्तै, महिला आरोहीमा सङ्खुवासभा मकालुकी लाक्पा शेर्पाले ११ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम गर्नुभएको छ । उहाँले पनि आफ्नै रेकर्ड तोड्नुभएको हो।

सरकारले सगरमाथा आरोहण अनुमतिबाट रु एक खर्ब आठ करोड १० लाख ७२५ राजस्व सङ्कलन गरेको छ । यस्तै, लोत्से हिमालबाट रु छ करोड ६८ लाख ७१ हजार ९९०, मकालु पहिलोबाट रु तीन करोड १७ लाख ८५ हजार ८००, आमादब्लमबाट रु एक करोड ६६ लाख नौ हजार २००, कञ्चनजङ्गाबाट रु एक करोड ६५ लाख ४० हजार ५००, अन्नपूर्ण पहिलोबाट रु एक करोड २० लाख ४९ हजार १७५ राजस्व सङ्कलन भएको छ।

यो वर्षको वसन्त ऋतुमा नेपालका विभिन्न हिमाल आरोहणको अनुमति दिएबापत सरकारले रु एक अर्ब २६ करोड ४७ लाख ४१ हजार ३०६ राजस्व सङ्कलन गरेको छ।रासस

# पैँतिस करोड लगानीमा नेपालमै 'स्किन केयर' सामग्री उत्पादन उद्योग

काठमाण्डु। कोरियन प्रविधि र नेपाली उद्यमशीलताको संयोजनमा नेपालमै विश्वस्तरीय 'स्किन केयर' उत्पादन सुरु भएको छ।

नेपाली ब्रान्ड 'ओआरए'ले ललितपुरको इमाडोलमा रु ३५ करोडको लगानीमा उद्योग स्थापना गरी अन्तरराष्ट्रियस्तरका स्किन केयर उत्पादन बजारमा ल्याएको जनाएको छ।

कम्पनीले कोरियन विज्ञान, अनुसन्धान, प्रविधि तथा उच्च गुणस्तरीय कच्चा पदार्थको प्रयोग गरी नेपालमै विश्वस्तरीय उत्पादन गरिरहेको जनाएको हो।

'ओआरए ब्रान्ड' उत्पादन गरिरहेको एनके कस्मेटिक प्रालिका प्रमुख तथा गैरआवासीय नेपाली सङ्घ (एनआरएन) का पूर्वध्यक्ष विनोद कुँवरले नेपाली उपभोक्तालाई अन्तरराष्ट्रियस्तरका गुणस्तरीय उत्पादन सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यका साथ कम्पनी स्थापना गरिएको बताउनुभयो।

हाल कम्पनीले नौ वटा प्रमुख स्किन केयर उत्पादन बजारमा उपलब्ध गराइसकेको र निकट भविष्यमा थप १० देखि १५ वटा नयाँ उत्पादन सार्वजनिक गर्ने छ। रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०२/२८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी |
|---|---|
| | **ऋणीको नाम, ठेगाना** |
| १. | **नाम : ओम शक्ति पशुपालन तथा कृषी फर्म**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. १६९५४७/७३/०७४, दर्ता मिति : २०७४/०२/२८, पान नं. ६०५९४०१२१, दर्ता मिति : २०७४/०३/२०<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २, **संचालक : विजय कुमार यादव** |
| | **नाम : समर मेडि इन्टरप्राइजेज**<br>नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग<br>प्रा.फ.र.नं. १११७६/९१३/२०७४/०७५, दर्ता मिति : २०७५/०१/२७, पान नं. ६०७८१४७०९, दर्ता मिति : २०७५/०१/२७<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ९, **प्रोप्राइटर : संजय कुमार यादव** |
| | **ऋणी तथा जमानतकर्ताको विवरण** |
| | **नाम : विजय कुमार यादव**<br>ना.प्र.नं. ८९९८४०३५, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५३/०९/२८<br>बाबुको नाम : हरिन्नदन राय यादव, बाजेको नाम : लालदेव राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ८, हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : हरिन्नदन राय यादव**<br>ना.प्र.नं. ८९९८२७१३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६२/१/२९<br>बाबुको नाम : लालदेव राय यादव<br>बाजेको नाम : भटा राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ | **२. नाम : कुम्हनी देवी यादव**<br>ना.प्र.नं. ८९९८२७१४, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३५/०५/०५<br>पतिको नाम : हरिन्नदन राय यादव<br>ससुराको नाम : लालदेव राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ९<br>हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ |
| **३. नाम : माधव प्रसाद यादव**<br>ना.प्र.नं. ८९९८३९४७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५२/०८/१९<br>बाबुको नाम : हरिन्नदन राय यादव<br>बाजेको नाम : लालदेव राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ | **४. नाम : रिवन कुमारी**<br>ना.प्र.नं. ८९९८४२६३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५६/०५/२१<br>पतिको नाम : माधव प्रसाद यादव<br>ससुराको नाम : हरिन्नदन राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ |
| **५. नाम : अजय कुमार यादव**<br>ना.प्र.नं. ८९९८४४७६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६२/०४/१६<br>बाबुको नाम : हरिन्नदन राय यादव<br>बाजेको नाम : लालदेव राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ | **६. नाम : उदय कुमार यादव**<br>ना.प्र.नं. ८९९८४४७७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६२/०४/१६<br>बाबुको नाम : हरिन्नदन राय यादव<br>बाजेको नाम : लालदेव राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ |
| **७. नाम : संजय कुमार यादव**<br>ना.प्र.नं. ८९९८४१४१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५५/०३/२३<br>बाबुको नाम : हरिन्नदन राय यादव<br>बाजेको नाम : लालदेव राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ | **८. नाम : उमा कुमारी यादव**<br>ना.प्र.नं. १८३०५०/३७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/२१<br>पतिको नाम : विजय कुमार यादव<br>ससुराको नाम : हरिन्नदन राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. २ |

**धितोको विवरण**

१. हरिन्नदन राय यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेका महोत्तरी जिल्ला, सोनमा वडा नं. ९ स्थित कित्ता नं. ४८७ को क्षेत्रफल ०-४-१९-० (बिघा) र महोत्तरी जिल्ला, खेस्राहा वडा नं. ८ क स्थित कित्ता नं ७७९, ७८१ र ७८२ को क्षेत्रफल ०-१८-१०-०, ०-९-३-० र ०-१८-१०-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. कुम्हनी देवी यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेका महोत्तरी जिल्ला, सोनमा वडा नं. ९ स्थित कित्ता नं. ६३१ को क्षेत्रफल ०-७-६-८ (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. ओम शक्ती पशुपालन तथा कृर्षी फर्म प्रा.लि को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, सोनमा वडा नं. ९ स्थित कित्ता नं. ६३० को क्षेत्रफल ०-१-११.२५-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. विजय कुमार यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, खेस्राहा वडा नं. ७ ख स्थित कित्ता ३५३ को क्षेत्रफल ०-१-१३-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

५. माधव प्रसाद यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेका महोत्तरी जिल्ला, खेस्राहा वडा नं. ८ क स्थित कित्ता ४६२ को क्षेत्रफल ०-२-२-० र महोत्तरी जिल्ला, खेस्राहा वडा नं. ६ क स्थित कित्ता ५८५ र ५८४ को क्षेत्रफल क्रमशः ०-१-१५-० र ०-१-१५-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. धनुषा गोविन्दपुर वडा नं. ९ हाल धनुषाधाम न.पा. वडा नं. १ मा बस्ने रामजी साह सुडीको नाती पंचु साह सुडीको छोरा राम सागर साह व्याहुत सुडीले मेरो काका सरजुग साहु सुडीको नाउँमा लगत कायम रहेको साविक मौजे तेजनगर अन्तर्गतको जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. तेजनगर वडा नं. २ग कि.नं. १४१ क्षेत्रफल ०-३-९ जग्गा निजकै नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा उच्च अदालत जनकपुर, धनुषाको च.नं. ०८२-३६-२२८३ मिति २०८२/१२/२३ गतेको मिलापत्रको जानकारी पत्र साथै २०५९ सालको दे.पुं. १४४६ को अंश दर्ता मुद्दा मिति २०५९/१२/२४ गतेको मिलापत्र आदेश बमोजिम उक्त जग्गामध्ये उत्तरतर्फबाट क्षेत्रफल ०-१-१४.५ जग्गा म निवेदक रामसागर साह व्याहुत सुडीको अंशभागमा परेकोले मेरो नाउँमा छुट जग्गा दर्ता दा.खा. गरी पाउँ भनी द.नं. ८३७४ मिति २०८२/०८/१९ को यस कार्यालयमा माग निवेदन बमोजिम हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी मिति २०८३/०२/२६ को आदेशानुसार यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः निवेदकहरुको नाममा छुट जग्गा दर्ता दा.खा. गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|
| तेजनगर | २ग | १४१ | ०-३-९ मध्ये उत्तर तर्फबाट आधी जग्गा | ज.ध. महलमा सर्जुग साह सुडी पं.ध. गोविन्दपुर वार्ड नं. ९ बाबु मरीएकोमा सही गर्ने छोरा राम विलास साहु सुडी सही..........<br>किसानको महलमा पंचु साहु सुडी पं. ध.गो. सही....<br>कैफियत महलमा यो जग्गा मेरा दाज्यु सर्जुग साहुको नम्बरी हो मैले भोग गरी जोती आएको छु। सही.... |



## नेपाल रेडक्रस सोसाइटी

### महोत्तरी जिल्ला शाखा

### जलवायु अनुकूलन खडेरी व्यवस्थापन (CADM) परियोजना

### सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०२/२८ गते

नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाद्वारा सञ्चालित "जलवायु अनुकूलन खडेरी व्यवस्थापन (CADM) परियोजना" अन्तर्गत जलेश्वर नगरपालिकाको वडा नं. ३ स्थित खैरा र वडा नं. ६ स्थित ठूलो धबौली टोलमा खानेपानीको ट्याङ्कीको स्ट्यान्ड निर्माण गरी ट्याङ्की सहित जडान गरी पाइपलाइन विस्तार गर्न सिलबन्दी बोलपत्रद्वारा सेवा र सामाग्री खरिद तथा आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका नेपाल सरकारको इजाजत प्राप्त आपूर्तिकर्ता, व्यवसायी तथा सप्लायर्सहरुबाट २०८३ साल असार ११ गतेसम्म निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु** :

१. अद्यावधिक गरेको इजाजत पत्र, आयकर दर्ता, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरुको नोटरी प्रमाणित गराई निवेदन सहित नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको चल्ती हिसाब नम्बर १२७०१००००००६१२००१ मा रु. २,०००|- (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर पेश गरी विस्तृत विवरण सहितको बोलपत्र फाराम उपलब्ध गराइनेछ।
२. खरिद भएका बोलपत्रहरु मिति २०८३ असार ११ गतेसम्म कार्यालय समयभित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाइ नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा दर्ता गराइ सक्नुपर्नेछ।
३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ।
४. पेश भएका बोलपत्रहरु संकलन गरी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको उपस्थितीमा मिति २०८३ असार १२ गते दिउँसो १:०० बजे नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा खोलिनेछ। बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि कुनै बाधा पर्नेछैन।
५. बोलपत्रका साथमा कबोल गरेको रकमको २.५५ (साढे दुई) प्रतिशतका दरले हुन आउने धरौटी वापत (अर्नेष्ट मनी) को रकम नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको नाममा माथि बुँदा नं. १ मा उल्लेख गरिएका खाता नम्बरमा नगदै जम्मा गरेको बैंक भौचर अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ। यदि सिलबन्दी बोलपत्र खोल्दा धरौटी रकम जम्मा नगरेको पाइएमा उक्त बोलपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन।
६. सिलबन्दी बोलपत्र स्वीकृत भएमा कबोल अंकको १० प्रतिशतले हुन आउने कार्यसम्पादन बापतको जमानत (Performance Bond) धरौटी रकम नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको माथि उल्लेखित खातामा जम्मा गर्नुपर्नेछ।
७. कुनै शर्त राखिएको, म्याद नाघी आएको वा रित नपुगेको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिनेछैन।
८. बोलपत्र फारामभित्रको BOQ मा मूल्य अभिवृद्धि कर (VAT) सहितको दर रेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ। साथै दरभाउमा सरकारले तोकेको सम्पूर्ण करहरु समावेश गर्नुपर्नेछ। बोलपत्रमा उल्लेख भएका सामाग्रीहरुमा लाग्ने चुंगी कर, ठेक्का कर, रोयल्टी जस्ता व्ययभारहरु सम्बन्धित बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। अन्यथा उक्त बोलपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन।
९. सिलबन्दी बोलपत्र फाराम स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा सुरक्षित रहनेछ।

**विस्तृत जानकारीको लागि फोन नं. ९८४५०९९८३२ र ९८१२३२९०२७ मा वा सोझै नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।**

# मोबाइल किन नष्ट गरियो : सर्वोच्च



**टुडे समाचारदाता**

जनकपुरधाम । केही दिन अभि सिरहा प्रहरीले एसईई र कक्षा १२ को परीक्षाको क्रममा विद्यार्थीबाट खोसिएका मोबाइल नष्ट गरेको घटनामा सरकारी निकायसँग जवाफ माग गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीश श्रीकान्त पौडेलको इजलासले निर्णयमा संलग्न निकायसँग जवाफ माग गरेको हो । रिट निवेदनमाथि अन्तिम टुंगो नलागेसम्म परीक्षा हदमा भेटिएका मोबाइल र त्यसमा रहेका डाटा नष्ट नगर्न/नगराउन पनि अदालतको आदेश छ।

यस विषयमा मंगलबार सर्वोच्चमा रिट परेको थियो । जसमा मोबाइल नष्ट गर्ने कार्यमा संलग्न सरकारी अधिकारीलाई कानुनी कारबाही गर्न र पीडित विद्यार्थीलाई उचित क्षतिपूर्ति दिन माग गर्दै परमादेश, उत्प्रेषणलगायतका उपयुक्त आदेश दिन माग गरिएको थियो।

रिटमा गृह मन्त्रालय, मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड र जिल्ला प्रशासन कार्यालय, सिरहाका प्रमुख जिल्ला अधिकारीलाई विपक्षी बनाइएको छ । रिटमा यो कार्य गैरकानुनी भएको, गोपनीयता र सम्पत्तिको हकसम्बन्धी व्यवस्थाको उल्लंघन भएको दाबी गरिएको छ।

सो रिटको सुनुवाइ गर्दै सर्वोच्चले 'यसमा के कसो भएको हो ? निवेदनको मागबमोजिम आदेश जारी हुन नपर्ने कुनै कारण र आधार भए आदेश प्राप्त भएको १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत जवाफ पेस गर्नू' भन्ने आदेश दिइएको छ।

नष्ट गरिएका मोबाइलमध्ये ७ थान आइफोन र ४ सय ८९ थान एन्ड्रोइड मोबाइल रहेको जनाइएको छ । ती मोबाइल तथा घडीहरू करिब एक करोड रुपैयाँभन्दा बढी मूल्य बराबरको रहेको दाबी गरिएको छ । यी मोबाइल र घडीहरू कुनै आपराधिक मुद्दासँग सम्बन्धित नभई एसईई र कक्षा १२ को परीक्षा सञ्चालनका क्रममा विद्यार्थीहरूबाट जफत गरिएका थिए।

परीक्षाका क्रममा जिल्लाका विभिन्न परीक्षा केन्द्रहरूमा प्रवेश गर्दै गरेको र परीक्षा दिइरहेको अवस्थामा विद्यार्थीहरूबाट ती सामग्री खोसिएको थियो । मधेश प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी शर्मा तिवारीले परीक्षामा मोबाइल प्रयोग भएको पाइएमा नष्ट गरिने बताएकी थिइन्।

# विज्ञापन नीति विरुद्ध धर्नामा पत्रकार



**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारी विज्ञापन तथा सूचना वितरणसम्बन्धी विभेदकारी र स्वेच्छाचारी निर्णय खारेजको माग गर्दै जनकपुरधाम सहित देशभरि नै धर्ना र हस्ताक्षर अभियान कार्यक्रम गरिएको छ।

महासंघको आह्वानमा बुधबार मधेश प्रदेशका राजधानी समेत रहेका जनकपुरधामस्थित नपाल पत्रकार महासंघ धनुषा शाखाले जिल्ला प्रशासन कार्यालय अगाडि केन्द्रिय निर्देशन अनुसार एक घण्टा धर्ना दिदैँ सरकारको विभेदकारी नितीविरुद्ध पत्रकारहरुले गरेको हस्ताक्षरित सामाग्री प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई बुझाइएको छ।

नेपाल पत्रकार महासंघ धनुषा शाखाका अध्यक्ष पुरन साह रौनियारको नेतृत्वमा आयोजना गरिएको उक्त कार्यक्रममा जनकपुरधामस्थित सञ्चार माध्यमका प्रतिनिधिसहित स्थानीय तथा राष्ट्रिय मिडियामा कार्यरत पत्रकार, पत्रकारितासँग आबद्ध विभिन्न संघ संगठनका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

हस्ताक्षर सामाग्री बुझ्दै प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेलले आजै यो हस्ताक्षर सामाग्री नेपाल सरकारका प्रधानमन्त्री कार्यालयमा पठाई दिने बताएका थिए । उनले भने सरकारको नयाँ निती अनुसार निजी क्षेत्रसहित स्वरोजगारमा आबद्ध सञ्चार माध्यमलाई ठूलो असर परेकै हो। तर हामी के गर्ने नेपाल सरकारकै निर्देशन भएकाले मान्नैपर्ने बाध्यता छ।

महासंघ धनुषाका अध्यक्ष पुरन साहले पछिल्लो समय सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण बढाउन खोजेको आरोप लगाउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको परिपत्रमार्फत रोकिएको सरकारी विज्ञापनले निजी क्षेत्रका सञ्चारमाध्यममा ठूलो असर परेको छ। यही अवस्था कायम रह्यो भने नेपालमा सरकारी मिडिया बाहेक अन्य मिडिया नै रहनेछ। यो प्रेस स्वतन्त्रतामाथिको राज्यद्वारा गरिएको गम्भीर दमन हो।

जनकपुरधामसहित मधेश प्रदेशका ७ वटा जिल्ला सप्तरी, सिरहा, महोत्तरी, बारा, पर्सा, रौतहट र सर्लाहीमा जिल्लामा पत्रकार महासंघ केन्द्रिय कार्यालयको आह्वान अनुसार जिल्ला प्रशासन कार्यालय धर्ना तथा हस्ताक्षर सामाग्री प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई बुझाइएको छ।

यस्तै काठमाडौँ शाखाले बबरमहलमा आयोजना गरेको धर्ना कार्यक्रममा पत्रकार हरूले मिडियाविरोधी नीति फिर्ता लिन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न र नागरिकको सूचनाको अधिकार सुनिश्चित गर्न सरकारसँग माग गरेका छन्।

महासंघकी अध्यक्ष निर्मला शर्माले विरोध कार्यक्रमलाई सम्बोधन गर्दै भनिन् निजी क्षेत्रका सञ्चार माध्यम मात्रै होइन सरकारले यो नितीले संविधानले प्रत्याभूत गरेको नागरिकको सूचनाको हकमाथि आघात पुगेको छ । पत्रकारहरूलाई समाचारका विषयमा सोधपुछ गर्ने, समाचारको स्रोत खुलाउन दबाब दिने तथा सामग्री हटाउन लगाउने प्रवृत्ति वर्तमान सरकारबाट बढेको उनले भनिन्।

उनले सञ्चार माध्यमलाई सूचना र सार्वजनिक विज्ञापनहरू प्रकाशन र प्रसारणमा रोक लगाएर सरकारले मिडियाको मुख थुन्ने प्रयास गरेको आरोप लगाउँदै सरकारले संविधान संशोधन गर्न बनाएको कार्यदलप्रति पनि आपत्ती जनाइन्।

संसद बाहिरबाट कार्यदल बनाएर सरकारले संविधानले दिएका सबै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथी हस्तक्षेप गर्न खोजेको उनको आरोप छ। उनले वर्तमान कार्यदललाई पत्रकार महासंघले मान्यता नदिने उल्लेख गर्दै अभिव्यक्ति स्वतन्त्रता र संविधान संरक्षणका लागि सबै एकजुट हुन आग्रह गरिन्।

# ४१ उद्योगविरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । चालू आर्थिक वर्ष २०८२/०८३ को अन्त्यतिरसम्म खाद्य पदार्थमा मिसावट गरेको आरोपमा मधेश प्रदेशका ४१ उद्योगविरुद्ध चालु आर्थिक वर्षमा मुद्दा दायर गरिएको छ।



खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले जनाए अनुसार अनुगमनका क्रममा संकलन गरिएका खाद्य वस्तुका नमूनाहरू परीक्षण गर्दा मापदण्डविपरीत अखाद्य तथा गुणस्तरहीन पदार्थ मिसाएर उत्पादन गरिएको पुष्टि भएपछि सम्बन्धित उद्योगहरूविरुद्ध कानुनी प्रक्रिया अघि बढाइएको छ।

कार्यालय प्रमुख विमलकुमार दाहालले पर्सा र बारा जिल्लाका उद्योगहरूमा सबैभन्दा बढी अनियमितता भेटिएको जानकारी दिए । ती दुई जिल्लाका मात्रै ३८ उद्योगविरुद्ध मुद्दा दायर गरिएको छ । कारबाहीमा परेका उद्योगमध्ये सूर्यमुखी तेलका ८, भटमास तेलका ४, मह उत्पादन गर्ने १७, वामोलिस उत्पादन गर्ने १ तथा वनस्पति घ्यु उत्पादन गर्ने २ उद्योग रहेका छन्।

त्यसैगरी, सर्लाहीमा तीन उद्योगविरुद्ध मुद्दा दायर गरिएको छ । तीमध्ये पाउरोटी, चाउमिन र खानेपानी उत्पादन गर्ने एक-एक उद्योग रहेको कार्यालयले जनाएको छ । दायर गरिएका मुद्दामध्ये केही जिल्ला प्रशासन कार्यालयमा र केही सम्बन्धित जिल्ला अदालतमा विचाराधीन रहेका छन् भने धनुषा जिल्लाका तीन उद्योगमाथि भने हाल अनुसन्धान प्रक्रिया जारी रहेको कार्यालयले जनाएको छ।

मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवका अनुसार गुणस्तरहीन तथा मिसावटयुक्त खाद्य वस्तुको सेवनका कारण उच्च रक्तचाप, मधुमेह, मुटु तथा मिर्गौला सम्बन्धी नसर्ने रोगहरूको जोखिम बढ्दै गएको बताएका छन्।

खाद्य सुरक्षाको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन र उपभोक्ता सचेतनामा जोड दिँदै स्वस्थ समाज निर्माणका लागि खाद्य गुणस्तर सुनिश्चित गर्नु अपरिहार्य रहेको उनले बताए।

# लाखौँको अवैध सामान बरामद

**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहटले लाखौँ मूल्य बराबरको भन्सार छलीका सामान बरामद गर्नुका साथै तीनजना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गौर बसपार्कस्थित अस्थायी प्रहरी पोष्टले गरेको सवारी चेकजाँचका क्रममा भारतबाट भन्सार छली गरी ल्याइएका विभिन्न सामान बरामद गरिएको छ।

बरामद सामानमा लत्ताकपडा, चकलेट, कोल्ड ड्रिंक्स र इलेक्ट्रोनिक सामग्रीसहित करिब २ लाख १६ हजार २५० रुपैयाँ बराबरको अवैध मालसामान रहेको प्रहरीले जनाएको छ।

त्यस्तै, प्रहरी चौकी रंगपुरको गस्ती टोलीले वन क्षेत्रबाट अवैध रूपमा कटान गरी ल्याइएको करिब ३० हजार रुपैयाँ मूल्य बराबरको ३० क्युफिट सालको गोलिया काठ पनि बरामद गरेको छ। बरामद सबै सामान आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौर र काठ डिभिजन वन कार्यालय चोचामा बुझाइएको प्रहरीले जनाएको छ।

रौतहट प्रहरीले भन्सार छली नियन्त्रणमा विशेष सक्रियता देखाउँदै पछिल्लो समय फरार प्रतिवादी पक्राउ अभियानलाई पनि तिव्र पारेको छ।

यसैक्रममा गरुडा नगरपालिका-४ का तीनजना फरार प्रतिवादीलाई एउटै वडाबाट पक्राउ गरिएको हो। जिल्ला अदालत गौरबाट दोषी ठहर भई लुकिछिपी बस्दै आएका अपराधी उपद्रव मुद्दाका राजु पटेल, सुजित कुमार चौधरी र लागूऔषध गाँजा मुद्दाका सुजित कुमार चौधरीलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता डिएसपी बसन्त गौतमद्वारा जारी सूचनामा उल्लेख छ।

पक्राउ परेकालाई फैसला कार्यान्वयनका लागि १० महिना ८ दिन कैद भुक्तान गर्न जिल्ला अदालत गौरमा बुझाइएको प्रहरीले जनाएको छ।

# बन्धक बनाइएका मजदूर घर फर्किए



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको हरियाणा राज्यस्थित एक पोल्ट्री फार्ममा बन्धक बनाइएका दलित समुदाय मुसहर जातिका १६ जना मजदूरलाई उद्धार गरी घर फर्काएको छ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादव, सुरक्षा निकायका प्रमुखहरु र आफन्त नेपालसहितले उनीहरुलाई स्वागत गरेका हुन् । मंगलबार बिहान भारतको दिल्लीस्थित नेपाली दूतावास पुगेका आवश्यक कानुनी प्रकृया पूरा गरी दिल्लीबाट हिँडेका उनीहरु बुधबार अपराह्न करिव ४ बजे सीमानाकामा पुगेका हुन्।

महोत्तरीको बर्दिबास नगरपालिका- १४ मुसहर बस्तीका उनीहरु काम गर्न भनी भारतको हरियाणा गएका थिए। तर त्यहाँ भने अनुसारको काम नदिएको, तलव रोकेको र कुटपिटजस्ता समस्या भएपछि घरमा खवर गरेका थिए।

बर्दीबास इलाका प्रहरी कार्यालयबाट प्राप्त सूचनाको आधारमा नेपाली दूतावास, नयाँ दिल्लीको समन्वय तथा हरियाणा प्रहरीको क्राइम ब्रान्चअन्तर्गत मानव तस्करीविरोधी इकाई, भारत सरकारका सम्बन्धित निकाय र आफन्त इण्डिया फाउन्डेशनको संयुक्त पहलमा सोमबार उनीहरुको उद्धार गरिएको हो।

उद्धार गर्न गएका आफन्त इण्डियाका उद्धार अधिकृत मानबहादुर श्रेष्ठले उनीहरुको अवस्था दयनीय भेटिएको र साहुलाई बक्यौता तत्काल तिर्न लगाएर स्वदेश ल्याइएको बताए।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले उद्धार भएर आएका सवैलाई स्वागत गर्दै उद्धार कार्यमा संलग्न सबैलाई धन्यवाद दिए । उद्धार गरिएकाहरुलाई वडा नं. १४ का वडाअध्यक्षले व्यवस्था गरिदिएको भाडाको बसमा बर्दिवासस्थित घर पठाइएको छ।

# आईसीसी टी २० मा नेपाली खेलाडी उक्लिए



**टुडे समाचारदाता**

जनकपुरधाम । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसीसी) मा नेपाल पनि उक्लिएका छन् । नेपाली टी-२० टिमका कप्तान दिपेन्द्रसिंह ऐरी टी-२० आईसीसीको वरियतामा चौथो स्थानमा उक्लिएका हुन्।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसीसी) ले बुधबार सार्वजनिक गरेको नयाँ वरियतामा दिपेन्द्रसिंह ऐरी अलराउन्डर वरियतामा एक स्थान सुधार गर्दै चौथो स्थानमा उक्लिएका छन्। उनी एक समय टी-२० अन्तर्राष्ट्रिय अलराउन्डर वरियताको दोस्रो स्थानसम्म उक्लिएका थिए।

आईसीसीले मंगलबारसम्मको अपडेट राखी बुधबार अध्यावधि गरेको नयाँ वरियता अनुसार दीपेन्द्र पाँचौंबाट चौथो स्थानमा उक्लिएका हुन्। उनको रेटिङ अंक पनि हालसम्मकै उत्कृष्ट २५६ पुगेको छ।

नेपाली पुरुष टोलीले हालै सिंगापुरमा सम्पन्न एसियन गेम्स छनोटमा अपराजित रहेर च्याम्पियन बनेको थियो । एसियन गेम्स छनोटमा दीपेन्द्रले ब्याटिङको खासै अवसर पाएनन्। नेपालले खेलेका चार खेलमध्ये दुई खेलमा ब्याटिङ गरेका उनले ४० रन बनाए भने ४ विकेट समेत लिए।

टी-२० अन्तर्राष्ट्रिय अलराउन्डरको वरियतामा पहिलो स्थानमा जिम्बावेका सिकन्दर राजा रहेका छन्। हार्दिक पाण्ड्या दोस्रो स्थानमा छन्। पाकिस्तानका सैम अयुब तेस्रो स्थानमा रहेका छन् । शीर्ष ५ मा अफगानिस्तानका अजमतुल्लाह ओमरजाई रहेका छन्।

टी-२० अन्तर्राष्ट्रियको अलराउन्डर वरियतामा नेपालका ओपनरब्याटर कुशल भुर्तेल ४ स्थान ओलर्दै २७ औं स्थानमा रहेका छन्। नेपालका एक दिवसीय कप्तान रोहित पौडेल ६ स्थान ओर्लिदै ५२ औं स्थानमा, गुल्सन झा ६ स्थान ओलर्दै ८१ औं स्थानमा छन् । कुशल मल्लले भने राष्ट्रिय टिममा पुनरागमन गर्दै टी-२० अलाराउन्डर वरियतामा ९ स्थान सुधार गर्दै ९३ औं स्थानमा पर्न सफल भएका छन्। यसअघि, १०० भित्र नअटाएका कुशल मल्ल वरियतामा फर्किएका हुन्।

टी-२० अन्तर्राष्ट्रियको बलिङतर्फ सन्दीप लामिछानेले ९ स्थान सुधार गर्दै ४९ औं स्थानमा उक्लिएका छन् । बलिङमा दिपेन्द्रसिंह ऐरीले १५ स्थान सुधार गरेका छन्। उनले १५ स्थान सुधार गर्दै ६२ औं स्थानमा उक्लिएका छन्। टी-२० अन्तर ष्ट्रियको ब्याटिङतर्फ कुशल भुर्तेल ६ स्थान सुधार गर्दै ६० औं स्थानमा उक्लिएका छन् । दिपेन्द्रसिंह ऐरी, रोहित पौडेल र आसिफ शेखको भने टी-२० अन्तर्राष्ट्रियको ब्याटिङतर्फ वरियता खस्किएको छ।

# ७ हजार बढी अवैध कुखुरा नष्ट

**टुडे समाचारदाता**



वीरगञ्ज । भारतबाट अवैध रूपमा ल्याइँदै गरिएका ७ हजार ४ सय गोटा प्रतिबन्धित ब्रोइलर कुखुराका चल्ला सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर नष्ट गरेको छ । पर्साको बिन्दबासिनी गाउँपालिका-४ अमरपट्टीस्थित सीमा क्षेत्रबाट नियन्त्रणमा लिइएका ती चल्ला नष्ट गरिएको हो।

सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालय पर्साबाट खटिएको मोबाइल टोलीले विशेष सूचनाको आधारमा करिब ७ लाख ४० हजार रुपैयाँ बराबरका ७४ कार्टुनमा राखिएका ७ हजार ४ सय गोटा ब्रोइलर चल्लासहित बिन्दबासिनी गाउँपालिका-४ अमरपट्टी निवासी अन्दाजी ४२ वर्षीय उमेश मुखियालाई नियन्त्रणमा लिएको थियो।

सशस्त्र प्रहरीले नियन्त्रणमा लिइएका व्यक्ति र चल्लालाई आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको जनाएको छ । पशु स्वास्थ्य तथा क्वारेन्टाइनसम्बन्धी प्रचलित कानुनी व्यवस्थाअनुसार नेपाल प्रहरी, स्थानीय सञ्चारकर्मी, क्वारेन्टाइन कार्यालयका प्रतिनिधि तथा स्थानीय जनप्रतिनिधिको रोहवरमा सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालय पर्सामा ती चल्लाहरू नष्ट गरिएको सशस्त्र प्रहरीका सूचना अधिकारी तथा सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जानकारी दिएका छन्।

यसैबीच सुनसरीबाट सशस्त्र प्रहरीले भारतबाट अवैध रूपमा नेपाल भित्र्याइँदै गरिएको ब्रोइलर कुखुरा र ओसारपसारमा प्रयोग गरिएको पिकअप गाडी बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ गण हेडक्वार्टर सुनसरीका अनुसार कोशी गाउँपालिका अन्तर्गत जुद्धगञ्ज क्षेत्रबाट करिब ३ लाख ७५ हजार रुपैयाँ बराबर मूल्यको ब्रोइलर कुखुरा तथा उक्त कुखुरा ढुवानीमा संलग्न पिकअप गाडी नियन्त्रणमा लिइएको हो।

सीमावर्ती क्षेत्रमा नियमित गस्ती तथा निगरानीका क्रममा अवैध रूपमा भित्र्याइँदै गरिएको कुखुरा फेला परेको र आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित निकायलाई बुझाइने तयारी भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८